# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## त्रिवेणी गाउँपालिका

### सल्यान




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको

# पाँचौं वार्षिक प्रतिवेदन

# २०७९

## त्रिवेणी गाउँपालिका

### सल्यान




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## त्रिवेणी गाउँपालिका

सल्यान

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना,

कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

**प्रादेशिक लेखापरीक्षण निर्देशनालय, कर्णाली प्रदेश**

पत्र संख्याः २०७९।८०
च.नं. ६२ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्ष ज्यू,
त्रिवेणी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
सल्यान ।

## कैफियत सहितको राय

हामीले त्रिवेणी गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू ५ करोड १० लाख ५८ हजार बेरुजू देखिएको छ। सोमध्ये प्रतिक्रियाबाट रु ९९ हजार फस्यौंट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. १९ लाख १२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ३ करोड २३ लाख ९० हजार, नियमित गर्नुपर्ने रु १ करोड ६६ लाख ५७ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु ७ करोड ७६ लाख ४१ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु १२ करोड ८६ लाख रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(...............)

नायब महालेखापरीक्षक

त्रिवेणी गाउँपालिका, सल्यान

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५९ | १२३ | ५१०५८ | ० | १४ | ९९ | ५९ | १०९ | ५०९५९ | १९१२ | १६६५७ | ३२३९० | ० | ० | ४९०४७ | ० |

### १.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

| क्र.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| १ | १४.१ | पदाधिकारी दोहोरो सुविधा असुल | २४७०० |
| २ | २२ | अग्रिम कर असुल | ३४२१५ |
| ३ | ३५.४ | मु अ कर असुल | १४३८६ |
| ४ | ३९ | छात्र वृत्ति बढि भुक्तानी असुल | ७८०० |
| ५ | ४४.१ | यातायात खर्च असुल | ६४०० |
| ६ | १५ | न्यायिक समितिको बैठक भत्ता | ११९०० |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| त्रिवेणी गाउँपालिका सल्यान | ७७६४१ | ० | ० | ७७६४१ | ० | ५०९५९ | १२८६०० |

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान : त्रिवेणी गाउँपालिका, सल्यान , त्रिवेणी गाउँपालिका , सल्यान

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | राम बहादुर वुढा | २०७९-५-२६ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | सन्तोष सापकोटा | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ५०,९५८,६४६ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | २,९८,५२,०४६.१२ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २६,०१,३३,८११ | **चालु खर्च** | २५,१५,७२,४४९ |
| **प्रदेश सरकारबाट अनुदान** | २,७०,४५,५८३ | **पूँजीगत खर्च** | १२,२७,११,७११ |
| **राजश्व बाँडफाँट** | ६,१३,०१,७६६.९१ | **वित्तीय/अन्य व्यवस्था** | १८,१४,३८२ |
| **आन्तरिक आय** | ३६,१२,५६७.८५ | | |
| **अन्य आय** | ७५,६८,७९०.५ | | |
| **कुल आय** | ३५,९६,६२,५१९.२६ | **कुल खर्च** | ३७,६०,९८,५४२ |
| **बाँकी मौज्दात** | | १,३४,१६,०२३.३८ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br><br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय लोकतन्त्र स्थापना गरी लाभ जनतासम्म पुर्याउने समानुपाति समावेशी र न्यायोचित वितरणद्धारा कानुन राज्य र दिगो विकासको अवधारण अनुरुप ३ तहको सरकार विचको सहकारिता सहअस्तित्व र समन्वय प्रवर्धन गरी उत्तरदायित्व र जिम्मेवारीको पारदर्शिता निश्चिता गरी सुलभ र गुणस्तरीय सेवा प्रदान गर्न २०७३ सालमा यो गाउपालिकाको स्थापना भएको हो । कर्णाली प्रदेश, सल्यान जिल्ला स्थित १६६२४ जनसंख्या भएको यो गाउपालिकामा ११९.११ वर्ग कि.मि. क्षेत्रफल र ६ वडा रहेका छन ।<br>महालेखापरीक्षकको बार्षिक लेखापरीक्षण योजना, २०७९ अनुसार स्वीकृत भएको इकाइगत लेखापरीक्षण योजनाबमोजिम कार्यालयले पेश गरेको आर्थिक बिवरण, प्रगति प्रतिवेदन, लिखित प्रतिनिधित्व पत्र र अन्य बिवरण तथा लेखापरीक्षणका अन्तर्राष्ट्रिय मानदण्ड तथा मार्गदर्शन समेतलाई आधार मानी गाउपालिकाको आर्थिक बर्ष २०७८।७९ को लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।लेखापरीक्षणबाट देखिएका प्रमुख ब्यहोरा देहाय अनुसार छन | |
| २ | | | **बित्तिय बिबरण**<br><br>स्थानीय संचित कोषः<br><br>स्थानीय संचितकोषः स्थानीय सरकार संचालन ऐन२०७४ को दफा ६९ र ७२ वमोजिमगाँउपालिकाले प्राप्त गरेको आयअनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०७८/७९ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छः- प्राप्ती भुक्तानी हिसाव<br><br><table><tr><td>विवरण</td><td>टिप्पणी</td><td>यस वर्ष रु.</td><td>गतवर्ष रु.</td></tr></table> | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत /सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत /सोझै भुक्तानी | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| प्राप्ती (क+ख) | | ३९१८०७९०२.५० | ३५९६६२५१९.२६ | | ३५९६६२५१९.२६ | ३४०७९०७५५.४३ | | ३४०७९०७५५.४३ |
| क. प्राप्ति (संचितकोष मा आम्दानी बाँधिने) | | ३८९५८०९९९ | ३५२०९३७२८.७६ | ० | ३५२०९३७२८.७६ | ३३१३८४५७२.९३ | ० | ३३१३८४५७२.९३ |
| ११००० कर | ११ | ६४३२८९९९ | ६१३०१७६६.९१ | ० | ६१३०१७६६.९१ | ५४२६८४८७.३७ | ० | ५४२६८४८७.३७ |
| १३००० अनुदान | | ३२१७२७००० | २८७१७९३९४ | ० | २८७१७९३९४ | २७३५५७४७१.३२ | ० | २७३५५७४७१.३२ |
| संघीय सरकार | १२ | २८९३५२००० | २६०१३३८११ | ० | २६०१३३८११ | २५३७९९८५३.३२ | ० | २५३७९९८५३.३२ |
| प्रदेश सरकार | १२ | ३२३७५००० | २७०४५५८३ | ० | २७०४५५८३ | १९७५७६१८ | ० | १९७५७६१८ |
| १४००० अन्य राजस्व | | ३५२५००० | ३६१२५६७.८५ | ० | ३६१२५६७.८५ | ३४९५०७७.२४ | ० | ३४९५०७७.२४ |
| १५००० विविध प्राप्ति | | ० | ० | ० | ० | ६३५३७ | ० | ६३५३७ |
| ख. अन्य प्राप्ति | | २२२६९०३.५० | ७५६८७९०.५० | | ७५६८७९०.५० | ९४०६१८२.५० | | ९४०६१८२.५० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| वितरण गर्न बाकी राजस्व | | ० | २९२१४१० | ० | २९२१४१० | २१५४९६० | ० | २१५४९६० |
| कोषहरु | | २२२६९०३.५० | २०२६९०३.५० | ० | २०२६९०३.५० | ५५२९१४८.५० | ० | ५५२९१४८.५० |
| धरौटी | | ० | २६२०४७७ | ० | २६२०४७७ | १७२२०७४ | ० | १७२२०७४ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ४४१६६१७६७.५० | ३७६०९८५४२ | | ३७६०९८५४२ | ३०२०२९५०७.३१ | | ३०२०२९५०७.३१ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ४३९४३४८६४ | ३७४२८४१६० | | ३७४२८४१६० | २९६३७५०२१.३१ | | २९६३७५०२१.३१ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | १२७३८९४६० | ११४४९१८४४ | ० | ११४४९१८४४ | ८८५७४०२९.९९ | ० | ८८५७४०२९.९९ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १५७४०१०२१ | १२६५२३०९७ | ० | १२६५२३०९७ | ८८४७९४६६.२९ | ० | ८८४७९४६६.२९ |
| २५००० सहायता (Subsidy) | १८ | ० | ० | ० | ० | २७४१३९१३.०३ | ० | २७४१३९१३.०३ |
| २६००० अनुदान | १८ | ० | ० | ० | ० | २७९२९१ | ० | २७९२९१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २७००० सामाजिक सुरक्षा | १८ | ७८१०००० | ७७९७८९१ | ० | ७७९७८९१ | ४९२१३१७ | ० | ४९२१३१७ |
| २८००० अन्य खर्च | १८ | ३०६१६९९ | २७५९६१७ | ० | २७५९६१७ | २५८२३०० | ० | २५८२३०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | १४३७७२६८४ | १२२७११७११ | ० | १२२७११७११ | ८४१२४७०४ | ० | ८४१२४७०४ |
| घ. अन्य भूक्तानी | | २२२६९०३.५० | १८१४३८२ | | १८१४३८२ | ३०२०२९५०७.३१ | | ३०२०२९५०७.३१ |
| कोषहरु | | २२२६९०३.५० | १११६६६९ | ० | १११६६६९ | ४००४१८८ | ० | ४००४१८८ |
| धरौटी | | ० | ७०८५६५ | ० | ७०८५६५ | १६५०२९८ | ० | १६५०२९८ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | -१०८५२ | | -१०८५२ | | | |
| ङ. यो वर्षको बचत (न्युन) | | -४९८५३८६५ | (१६४३६०२२.७४) | | (१६४३६०२२.७४) | ३८७६१२४८.१२ | | ३८७६१२४८.१२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | २९८५२०४६.१२ | | २९८५२०४६.१२ | १९२०४३३३.९६ | | १९२०४३३३.९६ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | -४९८५३८६५ | १३४१६०२३.३८ | | १३४१६०२३.३८ | ५७९६५५८२.०८ | | ५७९६५५८२.०८ |
| बैंक तथा नगद बाकी | २४ | | १३९१६०२३.३८ | | १३९१६०२३.३८ | ५८१२०१६२.०८ | | ५८१२०१६२.०८ |
| | | | | | | | | |

**अन्तर सरकारी अख्तियारी तर्फः**

| ब.उ.शि.नं | बार्षिक बजेट | निकासा | खर्च |
|---|---|---|---|
| सामाजिक सुरक्षा (३१४०१०१२३) | ६०,९७७,५४४.०० | ६०१०७१२२ | ६०१०७१२२ |
| एकिकृत स्वास्थ्य पुर्वाधार बिकास कार्यक्रम | १५,०००,०००.०० | ११३००००० | ११३००००० |
| गरिब सँग बिश्वेश्वर कार्यक्रम | ४६४,०००.०० | ३९६०९९ | ३९६०९९ |
| मुख्यमन्त्री रोजगार, उद्यमशीलता तथा आयआर्जन कार्यक्रम(३०१००१०२३) | १०५,०००.०० | १०५,०००.०० | १०५,०००.०० |
| मुख्यमन्त्री रोजगार, उद्यमशीलता तथा आयआर्जन कार्यक्रम(३०१००१०२४) | १३,१४२,०००.०० | ९,९९८,०५४.०० | ९,९९८,०५४.०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>आन्तरिक मामिला तथा कानून मन्त्रालय(३१४०००११३)</td><td>७५०,०००.००</td><td>०.००</td><td>०.००</td></tr>
<tr><td>भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय(३१२०००११३)</td><td>११०,०००.००</td><td>११०,०००.००</td><td>११०,०००.००</td></tr>
<tr><td>जम्मा</td><td>९०५४८५४४</td><td>८२०१६३७५</td><td>८२०१६३७५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>बजेट तथा कार्यक्रम</td><td></td></tr>
<tr><td>३.१</td><td></td><td></td><td>कार्यक्रमगत अबन्डा बजेटः स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस गर्नुपर्ने ब्यबस्था छ । पालिकाले यस बर्ष नवौ गाउसभाबाट पारित योजना तथा कार्यक्रममा सन्चालन हुने योजना तथा कार्यक्रमको नाम र स्थान समेत खुल्ने गरी बजेट बिनियोजन नगरी कार्यक्रमगत अबन्डाको रुपमा बजेट बिनियोजन गरी सन्चालन गरेको देखियो । बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा योजना तथा कार्यक्रमको नाम र स्थान समेत खुल्ने गरी बजेट बिनियोजन र आय—व्ययको अनुमान पेस गर्नुपर्दछ ।योजना तथा कार्यक्रमको नाम र स्थान नखुल्ने गरी बजेट बिनियोजन कार्य नियन्त्रण गर्नु पर्दछ
<table>
<tr><td>योजनाको नाम</td><td>स्थान</td><td>बिनियोजित रकम रु हजारमा</td></tr>
<tr><td>खानेपानी तर्फ</td><td>गाउपालिका</td><td>१२५००</td></tr>
<tr><td>प्रर्यटन प्रवर्द्धन</td><td>गाउपालिका</td><td>५००</td></tr>
<tr><td>अध्यक्ष रोजगार कार्यक्रम</td><td>गाउपालिका</td><td>२०००</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>आयोजना सर्भे डिजाइन र परामर्श खर्च</td><td></td><td>१०००</td></tr>
<tr><td>आबश्यकता अनुसार कार्यपालिकाले निर्णय गरी सन्चालन गरिने योजना, तथा म्याचिङ फन्ड तथा भैपरी आउने खर्च</td><td>गाउपालिका</td><td>१०००</td></tr>
<tr><td>नदी नियन्त्रण तर्फ</td><td>गाउपालिका</td><td>१०००</td></tr>
<tr><td>जनचेतना अभियान कार्यक्रम</td><td>नखुलाएको</td><td>६००</td></tr>
<tr><td>वडावासिका लागी पाइप र तारजाली खरिद</td><td>गाउपालिका</td><td>३००</td></tr>
<tr><td>अवलोकन भ्रमण कार्यक्रम वडा न २</td><td>सबै टोल</td><td>१००</td></tr>
<tr><td>अवलोकन भ्रमण कार्यक्रम वडा न ३</td><td>सबै टोल</td><td>१००</td></tr>
<tr><td>जम्मा</td><td></td><td>७८५००</td></tr>
</table>
म्याचिङ्ग फण्डः।गाँउपालिकाले गाँउ सभाबाट लागत सहभागिता एकीन गरेर मात्र योजना तथा कार्यक्रम स्वीकृत गरी कार्यान्वयन गर्नुपर्नेमा गाँउ सभामा गाँउपालिकाले म्याचिङ्ग फण्ड वापत रु ३० लाख ५० हजार अवण्डा राखि पछि आवश्यकतानुसार तजविजीय अधिकार प्रयोग गरी योजना तथा कार्यक्रममा म्याचिङ्ग फण्ड भनि बाटो मर्मत,जग्गा खरिद,हेलिप्याड निर्माणमा रु ३० लाख २६ हजार खर्च गरेको नियम संगत देखिएन। हरेक योजना तथा कार्यक्रमको नाम स्थान र लागत सहभागिता रकम उल्लेख गरेर मात्र म्याचिङ्ग बजेट व्यवस्था र खर्च गर्नु पर्दछ।
</td><td></td></tr>
<tr><td>३.२</td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) बमोजिम बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था छ । पालिकाले यस बर्ष योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम भएको सुनिश्चितता हुने गरी योजना तथा कार्यक्रम छनौट गरेको देखिएन। आर्थिक बर्ष २०७८।७९ को योजना कितावमा विषय क्षेत्रगत कार्यक्रम,तथा संघिय तथा प्रदेश सरकारको अनुदानबाट सन्चालन हुने योजना तथा कार्यक्रमहरु समाबेश नगरेबाट योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम भएको छ भन्न सक्ने आधार देखिएन।कानुनको ब्यबस्था अनुसार योजना तथा कार्यक्रम छनौट गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३.३</td><td></td><td></td><td>रकमान्तर तथा योजना संसोधनः स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम गाँउसभाबाट योजना तथा कार्यक्रम पास भई अख्तियारी दिएपछि सभाको निर्णय वेगर फरक योजना तथा फरक शीर्षकमा बजेट खर्च गर्न नपाउने व्यस्था छ । गाउ सभाको निर्णयले योजना सम्शोधन गर्दा छनौट भएको योजना तथा कार्यक्रम कार्यान्वयन हुन नसक्नाको उचित पुष्टयाइ उल्लेख नगरी कार्यपालिकाको निर्णयले छनौट भएका योजनाको बिनियोजन भएको योजना कार्यान्वयन हुन नसक्नाको उचित कारणबेगर पुरै बजेट घटाइ योजना बैंकमा नरहेका नया योजनामा बिनियोजन गर्नुपर्ने आधारबेगर बजेट बिनियोजन गरी खर्च गरेको देखियो । जसका कारण ऐनको प्राबधान अनुसार आयको प्रक्षेपण ,साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा ,बजेटको क्षेत्रगत सीमा, निर्धारण बजेट तथा कार्यक्रमको प्राथमिकिकरण विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन अनुसार गाँउ पालिकाले योजना तथा कार्यक्रम स्विकृत गरी कार्यान्वयनका लागी प्रमुख प्रशासकिय अधिकृतलाइ अख्तियारी दिइ सकेपछि उचित कारण बेगर कार्यानवयन नगर्नु उचित नदेखिनुका साथै योजना छनौटमा पदाधिकारी हरुको तजबिजिय अधिकार प्रयोग भइ बास्तबिक जनताको आबश्कताको योजना कार्यान्वयन नहुने देखिन्छ । यस बर्ष पालिकाले पुजिगत तर्फ १८ योजना तथा कार्यक्रममा बिनियोजन भएको रकम रु १ करोड ५३ लाख ६० हजार बजेट घटाइ ऐन विपरित योजना संसोधन गरी ७४ वटा योजना तथा कार्यक्रममा अबन्डा बाट समेत गरी रु ४ करोड ५७ लाख ८० हजार रकमान्तर गरी खर्च गर्ने कार्य नियन्त्रण हुन पर्दछ। छनौट भएका योजना कार्यान्वयन नगरी अन्य योजनामा बिनियोजन तथा रकमान्तर गरेका केही उदाहरण निम्नानुसार छन।<br><table><tr><th>सुरुको छनौट योजना</th><th>बिनियोजन रकम</th><th>संसोधित योजनामा बिनियोजन तथा रकमान्तर</th><th>रकम</th></tr></table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>गाउँपालीकाको प्रशासकीय भवन निर्माण</td><td>१० लाख</td><td>गौरैमा पहिरो नियन्त्रणका लागि ग्याविन तथा ग्रावेल</td><td>१० लाख</td></tr>
<tr><td>शिक्षा तर्फ अबन्डा</td><td>६० लाख</td><td>छरछरे बस्न्यौरा खानेपानी याेजना वडा नं. १</td><td>४ लाख</td></tr>
<tr><td>गाउँपालिकाको म्याचिङ फन्ड अबन्डा</td><td>८८ लाख</td><td>लुहाम लिफ्ट खानेपानी योजना निर्माण ( गत आ.व को क्रमागत )</td><td>६६ लाख ७१ हजार</td></tr>
<tr><td>खानेपानी याेजना निर्माण अबन्डा</td><td>३५ लाख</td><td>सेवा र परामर्श खर्च</td><td>१२ लाख ५० हजार</td></tr>
<tr><td>सिद्दबाबा मन्दिर निर्माण</td><td>३ लाख</td><td>पूँजीगत अनुसन्धान तथा परामर्श</td><td>२० लाख</td></tr>
<tr><td>स्थानीय लाेक संरक्षण तथा प्रवद्दन कार्यक्रम</td><td>४ लाख</td><td>बाहुनेमुल तुसारेखाेला डाँडा गाउँ सडक निर्माण</td><td>८ लाख३२ हजार</td></tr>
<tr><td>जनचेतना अभियान कार्यक्रम</td><td>५ लाख</td><td>खानेपानी संरचना निर्माण</td><td>१९ लाख८ हजार</td></tr>
<tr><td>कुइरेरह पाखा सिचाइ योजना निर्माण</td><td>१० लाख</td><td>पूँजीगत परामर्श खर्च ( DPR ) तयार तथा खरीद</td><td>१० लाख</td></tr>
<tr><td>गोपि पधेरा खा.पा निर्माण तथा कम्लीकाडा सम्म पाइप लाइन विस्तार</td><td>३ लाख ५० हजार</td><td>बेबि वार्मर खरिद</td><td>६ लाख</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | <table><tr><td>शिद्दटोल लामिडाँडा मोटरबाटोस्तरोन्नती</td><td>२ लाख</td><td>ढुंगीबजार-पिमखाेला-मख्खनटाकुरी सडक निर्माण</td><td>५२ लाख ४१ हजार</td></tr><tr><td></td><td></td><td>पोलीथिन पाइप खरिद</td><td>१५ लाख</td></tr></table> | |
| ३.४ | | | नीति तथा कार्यक्रम — स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम पालिकाले यस बर्ष तयार गरेको नीति तथा कार्यक्रम अन्तगत विभिन्न पुजिगत तर्फ २७७ योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने उल्लेख गरेको छ । साथै नीतिगत कार्यक्रममा निर्माण भएकँ सडकको स्तरउन्नती, खेतियोग्य जमिनमा सिचाइको प्रबन्ध, गाउपालिकामा पुर्ण बिद्युतिकरण कार्य, सबै बस्तिमा संचार सुबिधा ,जस्ता कुराहरु उल्लेख भएकोमा सोको सूचक सहितको कार्यक्रम सन्चालन गरी प्राप्त प्रगति बिबरण पेश भएन । निति तथा कार्क्रममा आएका अधिकांश कार्यक्रम बजेटमा समाबेश नभइ अन्य धेरै कार्यक्रम राखी वार्षिक कार्यक्रम तयार गर्दा सबैमा उत्तिकै ध्यान पु¥याउने अवस्था रहदैन भने सबै कार्यक्रम कार्यान्वयनमा आउने अवस्था पनि हुदैन । वार्षिक नीति तथा कार्यक्रम तयार गर्दा कहिले गर्ने, किन गर्ने, कहाँ गर्ने, कसरी गर्ने, सहयोगी निकाय, सम्पन्न गर्ने समय र सूचकांक एवं बजेट सहितको खाकामा बनाउनु पर्नेमा गरिने, दिइने, बढाइने, व्यवस्थाले वास्तविक नतिजा दिदैन । तसर्थ आगामी बर्षमा निति तथा कार्यक्रममा उल्लेख भए अनुसार वार्षिक कार्यक्रम तयार गरी लक्ष्य र सूचक सहित नीति तथा योजना कार्यान्वयनमा ल्याउन आवश्यक देखिन्छ।<br>योजना तर्जुमा — स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्र रही आर्थिक अधिकार सम्बन्धी विषयमा कानून बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने व्यवस्था छ । बजेटको पूर्व तयारी, सीमा, विषयगत क्षेत्र, स्रोत अनुमान र आयोजना प्राथमिकीकरणका आधारमा बजेट तर्जुमा गर्दा प्राथमिकताक्रम निर्धारण गरेको देखिँदैन । वार्षिक योजना र बजेट तर्जुमा गर्नु पूर्व स्थानीय तहको भौगोलिक, सामाजिक, आर्थिक तथा पूर्वाधार लगायतका क्षेत्रको यथार्थ स्थिति देखिने गरी वस्तुगत विवरण तयार गरेको र सार्वजनिक गरेको देखिंदैन । योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र लाभको हिस्सेदारीमा स्थानीय समुदायको सहभागिता सुनिश्चित हुने गरी योजना तर्जुमा प्रणाली सुदृढ हुन सकेको छैन । अधिकतम लागत सहभागिता समेत सुनिश्चित हुने गरी योजना कार्यान्वयन गरी अपनत्व लिनेतर्फ ध्यान दिन आवश्यक छ । योजना तर्जुमा प्रणाली सूचक र प्रगतिमा मापन समेत गरिनु पर्दछ । योजनागत भौतिक प्रगति विवरण तयार गरेको छैन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ मा बमोजिम आवधिक योजना, मध्यमकालिन, दीर्घकालीन विकास योजना, आयोजनाको प्राथमिकिकरण गरी नेपाल सरकार र प्रदेश सरकारको नीति , लक्ष्य र प्रक्रिया तथा दिगो विकास लक्ष्यको आन्तरिकिकरण र सामजस्यता गरेको देखिएन । | |
| ३.५ | | | प्रगति विवरण ःकार्यालयले चौमासिक र बार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, प्रदेश स्तर, जिल्ला स्तर तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा भौतिक र बित्तिय प्रगति बिबरण देखिने मासिक प्रगति विवरण तयार गरेको देखिएन । कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, प्रदेश स्तर, जिल्ला स्तर तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगति विवरण तयार गर्नु पर्दछ । | |
| ३.६ | | | खरिद गुरुयोजना र बार्षिक योजनाः-सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७ अनुसार १ बर्षभन्दा बढी अवधिसम्म सञ्चालन हुने योजना वा आयोजनाको लागी बार्षिक १० करोड भन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा सम्बन्धित निकायले त्यस्तो योजना वा आयोजना वा खरिदको अवधि भरको लागि खरिद गुरुयोजना र नियम ८ अनुसार बार्षिक १० लाख रुपैंया भन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक बर्षको अनुमानित बार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक बर्षमा गर्ने बार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यसरी खरिद योजना तयार गर्दा कुनै योजनाको सम्पुर्ण भाग तथा खण्ड खण्ड गरी कुन काम उपभोक्ता समितिबाट र कुन काम अन्य प्रकृयाबाट गराउने हो सो समेत छुट्याई सम्बन्धित निकायबाट निर्णय गराउनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले यस आर्थिक बर्षमा पुजिगत तर्फ रु १२ करोड २७ लाख ११ हजार खर्च गरेकोमा सञ्चालित योजनाहरुको लागी नियमावलीले तोकेअनुसारको खरिद योजना तयार गरेको छैन । जसले गर्दा खर्चमा पारदर्शिता र मितव्ययिता हासिल गर्न नसकिने साथै खरिद व्यवस्थापन कार्यको प्रभावकारितामा असर पर्न जाने देखिन्छ । बार्षिक खरिद कार्यलाई प्रभावकारी मितव्ययी र पारदर्शी बनाउनुका लागी नियमावलीको परिकल्पना गरे बमोजिमको बार्षिक खरिद योजना र खरिद गुरुयोजना तयार मध्यकालीन खर्च संरचना अन्तर सरकारी बित्त व्यवस्थापन ऐन २०७४ को दफा १७ मा स्थानीय तहले आर्थिक वर्षमा आ—आफनो कार्यक्षेत्र भित्रका बिषयहरुमा सार्वजनिक खर्चको अनुमानित बिवरण तयार गर्दा आगामी ३ वर्षमा हुने खर्चको प्रक्षेपण सहित मध्यकालीन खर्चको संरचना तयार गर्नुपर्ने उल्लेख छ । गाँउपालिकाले सार्वजनिक खर्च व्यवस्थापन प्रभावकारी बनाउन यस्तो विधि कार्यान्वयनमा ल्याएको छैन। सीमित | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | श्रोत साधन लाई प्राथमिकता प्राप्त क्षेत्रमा प्रबाह गर्न लोकप्रियताकालागि वितरणमूखी र बजेट छर्ने प्रबृत्तिमा नियन्त्रण गर्न र योजनाको लाभ लागत बिश्लेषण गरी प्रभावकारी बनाउन मध्यकालीन खर्च सँरचनालाई कार्यन्वयन गर्ने ध्यान दिनु पर्दछ । | |
| ३.७ | | | सेवा प्रबाहको स्थतिः सेवा प्रबाहलाइ चुस्त दुरुस्त एवं प्रभावकारी बनाउन पालीकाले प्रयाप्त ध्यान दिनु पर्दछ । पेश भएको बिबरण अनुसार यस बर्ष गाँउ पालिकाले पन्जिकरण तर्फ जन्म दर्ता ÷६७८ ,मृत्यु दर्ता ÷१२४, नागरिकता सिफारिस ÷५६४, घरबाटो सिफारिस÷२४८, नाता प्रमाणित ÷१२० देखिन्छ। पूर्वाधार विकासतर्फ सार्वजनिक निर्माण र सडकको तथ्याङ्क पेश भएको छैन । सेवा प्रवाह सम्बन्धी सबै तथ्याङ्क एकीकृत गरी भौतिक प्रगति विवरण अद्यावधिक गर्नुपर्दछ। स्थानीय तहको अधिकार सम्बन्धी व्यवस्था कार्यान्वयन गर्न संघ, प्रदेश र स्थानीय तहबीचको सहकारीता, सहअस्तित्व र समन्वयलाई अगाडि बढाई जनसहभागिता, उत्तरदायित्व, पारदर्शीता सुनिश्चित गरी शुलभ र गुणस्तरीय सेवा प्रदान गर्ने दायित्व सम्बन्धित पालिकामा रहेको छ । पालिकामा दरबन्दी अनुसार कर्मचारी नभएको कारण जनशक्तिको अभाव, कार्यालय भवन लगायतका पूर्वाधारको अभावमा सेवा प्रवाह थप प्रभावकारी हुन सकेको देखिएन । निर्वाचित पदाधिकारीबाट ५ वर्षे कार्ययोजना समेत बनाउन नसकेको स्थिति छ । सभाबाट स—साना टुक्रे धेरै योजना पारित हुने, पारित योजनाहरु.कार्यान्वयन नगरी योजनाको रकम अन्य शीर्षकमा रकमान्तर गर्ने, अनुत्पादक खर्च र वितरणमा ध्यान केन्द्रीत गर्ने, दीगो योजना नबनाउने, पदाधिकारीहरु.सुविधा प्राप्तिमा केन्द्रीत रहने लगायतका कारण प्रभावकारी सेवा प्रवाह हुन नसकेको अवस्था छ । पालिकाले सेवाग्राहीबाट सेवा सन्तुष्टि मूल्याङ्कन गर्ने व्यवस्था अवलम्बन गरेको देखिएन । जनशक्ति कठिनाईले समेत सेवा प्रवाहमा असर पारेको अवस्था छ । कार्यको प्राथमिकीकरण हुन नसक्दा स्थानीय तह आपैmँले गर्ने, निजी क्षेत्रले गर्ने, साझेदारीमा गर्ने र नागरिक संस्था मार्पmत गराउने कार्यहरुको पुनरावलोकन नहुँदा सेवा प्रवाह अपेक्षा अनुरुप हुन सकेको छैन.।<br><br>क्षेत्रगत बजेट र खर्च- स्थानीय तहको एकीकृत समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ। | |

| क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) | मौज्दात |
|---|---|---|---|---|

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| आर्थिक विकास | २८६६०००० | २६९३४१५८ | ९३.९८ | १७२५८४२ |
| सामाजिक विकास | २१९९७३०४२ | १८३९३७०६४ | ८३.६२ | ३६०३५९७८ |
| पूर्वाधार विकास | ८५२४०१०६ | ७२७२५६९८ | ८५.३२ | १२५१४४०८ |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १६३६००० | १२४२१२४ | ७५.९२ | ३९३८७६ |
| कार्यालय सञ्चालन तथा प्रशासनिक | १०३९२५७१६ | ८९४४५११६ | ८६.०७ | १४४८०६०० |
| | ४३९४३४८६४ | ३७४२८४१६० | ८५.१७ | ६५१५०७०४ |

| | | | | |
|---|---|---|---|---|
| ३.८ | | | बजेट तथा कार्यक्रमको प्राथमिकिकरणः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम अनुदान ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था बमोजिम समिति गठन गरी समितिले आयको प्रक्षेपण साधनको सन्तुलित वितरणको खाका बजेटको कूल सीमा बजेटको क्षेत्रगत सीमा निर्धारण बजेट तथा कार्यक्रमको प्राथमिकिकरण विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्नेमा यस बर्षको बजेटमा ऐनको प्राबधान अनुसार आयको प्रक्षेपण साधनको सन्तुलित वितरणको खाका बजेटको कूल सीमा बजेटको क्षेत्रगत सीमा निर्धारण बजेट तथा कार्यक्रमको प्राथमिकिकरण विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गरेको देखिएन । ऐनको पालना हुनुपर्दछ। | |
| ४ | | | **वित्तीय विवरण परीक्षण** | |
| ४.१ | | | लेखा ढाँचाः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस गाँउ पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS basedढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।स्विकृत लेखा ढाँचामा तोकिएको बिबरण समेत अभिलेखमा आउने गरी म.ले.प. फारामहरुको प्रयोग गरी एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४ अनुसार आर्थिक कारोवारको लेखाङ्कन गरेको पाईएन । गाँउपालिकाले सुत्रबाट तयार भएको बित्तिय प्रतिबेदन म.ले.प.फा.नं २७२ मा सिग्यास तर्फको अन्तर सरकारी अख्तियारी तर्फको आम्दानी र खर्च समाबेश नगरेबाट प्रस्तुत प्राप्त आर्थिक विवरणले सवै कारोवारलाइ प्रतिनिधित्व गरेको छैन । स्विकृत लेखा ढाँचामा लेखा राखी नेपाल सार्वजनिक क्षेत्र लेखामान अनुसार आर्थिक विवरण तथा प्रतिवेदन तयार गरीनुपर्दछ । | |
| ४.२ | | | कट्टी रकम भुक्तानी दाखिला बाँकीः आयकर ऐन २०५८ मा कार्यालयले कट्टी गरेको रकम अर्को महिनाको २५ गते भित्र सम्बन्धित कट्टी शिर्षकमा दाखिला गर्नुपर्ने ब्यबस्था भएकोमा कार्यालयले असार मसान्त सम्म कट्टी गरेको रु १०८५२ दाखिला नगरी मौज्दात राखेको देखिएकोले सम्बन्धित राजस्व शिर्षकमा दाखिला प्रमाण पेश गर्नुपर्ने रु | १०,८५२ |
| ४.३ | | | बैक हिसाब मिलान नगरेको स्थानीय तह सरकार संचालन ऐन २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको खाताको बैंक हिसाब मिलान विवरण तयार गरेको देखिएन । कार्यालयबाट पेश भएको म.ले.प.फा.नं २७२ एकिकृत बित्तिय बिबरणमा स्रस्ताको मौज्दात | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | रु १३९१६०२३।३८ र म.ले.प.फा.नं २७५ अनुसुचि ९ मा बैंक मौज्दात रु ३६७७९३२५।८४ स्रेस्तामा भन्दा बैंकमा बढी भएको रु २२८६३३०२।४६ को बैंक हिसाब मिलान विवरण तयार गरी स्रेस्ता अध्यावधिक गनुपर्दछ।<br><br>फरक आम्दानी बाँधेकोः स्थानिय तहले संचितकोषमा विभिन्न श्रोतबाट आम्दानी भएको रकम तथा संचतिकोष बाट चालु पुँजिगत लगायत विभिन्न खातामा ट्रान्सफर गरेको रकम आम्दानी र ट्रान्सफर बमोजिमकै सुत्रमा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन ।म.ले.प.फा.नं. २७२को अनुसुचि २४ मा बैंक कारोबार भिन्नता [राजस्व खाता र सञ्चित कोष खाता भनी ऋणात्मक रु (२५९३७७५०.४६ तथा संचित कोष खाता र खर्च खाता फरक रु ३०७४४४८ देखाएको सम्बन्धमा कार्यालयले एकिन गरी सम्बन्धित खातामा प्रविष्टी गरि स्रेस्ता अध्यावधिक गर्नुपर्ने देखिन्छ । | |
| ४.४ | | | सवारीसाधन खरिद –अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले ४ मोटरसाइकल खरिदमा र१२ लाख ९५ हजार खर्च गरेको छ। | |
| ४.५ | | | जिम्मेवारी फरक परेको–स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर यस स्थानीय तहको अन्तिम लेखापरीक्षण प्रतिवेदन २०७७।७८अनुसार गत वर्षको अन्त्यमा कायम भएको मौज्दात भन्दा यो बर्षको शुरुमा फरक जिम्मेवारी सारेको देखियो । गतको अन्तिम लेखापरीक्षण प्रतिवेदनमा अन्तिम मौज्दात रु ५१७२१३७०।५८ रहेकोमा यस बर्ष म.ले.प.फा. न.२७२ को एकिकृत बित्तिय बिबरणमा गत बर्षको रु २९८५२०४६।१२ जिम्मेवारी सारेको देखिएकोले घटि जिम्मेवारी सारेको रु २१८६९३२३।८८ सम्बन्धमा यकिन गरी आम्दानी बाँध्नुपर्ने रु | २१,८६९,३२४ |
| ४.६ | | | परामर्श सेवा – सार्वजनिक खरिद नियमावली, नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले परामर्श सेवाको खरिदमा प्रतिस्पर्धा नगराई सोझै खरिद गरी रु.२९ लाख ६५ हजार खर्च लेखेको छ । पालिकाले स्थानीय विकासमा | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | टेवा पुग्ने तथा दीर्घकालीन पुँजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिस्पर्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा सो गरेको देखिएन। | |
| ४.७ | | | पालिकाबाट पेश भएको सुत्रबाट तयार भएको म ले प फा न २७२ एकिकृत बित्तिय बिबरणमा अन्तर सरकारी अख्तियारी तर्फको गरिबसँग बिश्वेश्वर कार्यक्रम, एकिकृत स्वास्थ्य पुर्वाधार बिकाश कार्यक्रम र सामाजिक सुरक्षा तर्फको रु ७ करोड १८ लाख ३ हजार दुइ सय समाबेश भएको देखिएन । | |
| ५ | | | **कानून निर्माण एवं कार्यान्वयन** | |
| ५.१ | | | स्थानीय कानुन निर्माण र कार्यान्वयनः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ अनुसार गाउपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा ऐन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार स्थानीय तहको लागि ४० वटा नमुना कानून प्राप्त भएकोमा पालिकाले सालबसाली तथा अन्य गरी जम्मा १६ वटा ऐन,कार्यबिधि २० र ५ नियमावली तर्जुमा गरेको देखिन्छ । निर्माण भएका सबै ऐन, नियम, तथा कार्यविधि राजपत्रमा प्रकाशन गर्नु पर्दछ । । धेरै कानून बन्न बाँकी रहेबाट यस तर्फ गाउपालिकाको ध्यान जानु आवश्यक छ। | |
| ५.२ | | | न्यायिक समिति — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका उजुरीको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ भने अन्य उजुरी सम्बन्धमा अवधि किटान गरेको छैन । यस पालिकामा आ.व.२०७८।७९ मा गत बर्षको जिम्मेवारी १२ रहेकोमा यस बर्ष ७ वटा मुद्धा दर्ता भइ १३ फैसला भएको र ६ वटा फछ्यौट हुन बाकीको बिबरण पेश भएको छ । न्यायिक समिति बाट न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्याद भित्र फछ्र्याैट वा कारवाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ। | |
| ६ | | | **आर्थिक सहायता र अन्य विविध खर्च** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६.१ | | | खाना तथा विविध खर्च — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु ६२ लाख ८ हजार खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| ६.२ | | | आर्थिक सहायता — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस पालिकाले यो वर्ष व्यक्ति लाई रु१ लाख ६२ हजार आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ। | |
| ७ | | | **अनुदान प्राप्ती, वितरण, उपयोग र फिर्ता**<br><br>संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस बर्ष प्रदेश शशर्त अनुदानमा रु ८९९१२१२ प्राप्त गरी रु ८८२८८११ खर्च गरेकोमा खर्च नभइ बाँकी रहेको रु १६२४०१ सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था बमोजिम फिर्ता गरेको नदेखिएकोले प्रदेश सन्चित कोषमा फिर्ता गरेको प्रमाण पेश गर्नुपर्ने रु | १६२,४०१ |
| ८ | | | **सम्पत्ति उपयोग र संरक्षण** | |
| ८.१ | | | जग्गापदण्ड— स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू—जोखिम सम्वेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधिनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था छ । यस गाँउ पालिकाले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागू गरेको देखिएन । स्थानीय तहले आफ्नो सबै क्षेत्र वा कुनै क्षेत्र तोकी त्यस्तो क्षेत्रमा बन्ने भवनहरुको लागि जग्गा तथा भवनको प्रकृति समान ढाँचाको नमूना नक्सा तयार गर्न र सेवाग्राहीको लागि आफ्ना प्राविधिक कर्मचारीबाट नक्सा तयार गराई निःशुल्क उपलव्ध गराउने व्यवस्था रहेकोमा कार्यान्वयन भएको देखिएन । जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोकी जग्गा तथा भवनको प्रकृतिबमोजिम नक्सा तयार तथा स्वीकृतिको व्यवस्था अपनाउनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | राष्ट्रिय भवन संहिता— स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४३ बमोजिम भवनको नक्सा पास गर्दा नेपाल सरकारले निर्धारण गरे अनुसारको राष्ट्रिय भवन संहिताको पालना गर्नुपर्ने व्यवस्था छ । राष्ट्रिय भवन संहिताको अधिनमा रही थप मापदण्ड समेत बनाई लागू गर्न सक्ने व्यवस्था छ । भवन संहिता पालनालाई गाँउ पालिकाले कार्यान्वयनमा ल्याएको छैन । भवन संहिता कार्यान्वयन गर्न पालिकामा साधन र स्रोत नरहेको सम्बन्धित मन्त्रालयले संहिता लागू गर्ने सक्रियता नदेखाएको मापदण्ड विपरीत भवन निर्माण भएको नक्सा पास नगरी भवन निर्माण गरेको सर्वसाधारण जनताले संहिता पालना गर्नुभन्दा जरिवाना तिर्न सहज मानेको भवन डिजाइन र निर्माणमा एकै प्राविधिकको संलग्नता रही दोहोरो जाँचको व्यवस्था समेत नरहेको अवस्था छ । भवनको नक्सा पास गर्दा भवन संहिताको पालना गर्नुपर्दछ । नक्सापासलाई तदारुकताको साथ कार्यान्वयनमा ल्याइनू पर्दछ। | |
| ८.२ | | | सम्पत्ति हस्तान्तरण — स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ९७ ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति दायित्व तथा अभिलेख त्यसरी कायम भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७६ असार मसान्तभित्र स्थानीय तहले तयार गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा गाँउ पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको अवस्था छ । जिन्सी निरिक्षण गरी गराइ प्रतिवेदन तयार गराइ गाँउ पालिकाले एकीकृत जिन्सी अभिलेख तयार गरी राखेको देखिएन । यसरी जिन्सी मालसामानको आम्दानी र एकीकृत अभिलेख नहुदा जिन्सी मालसामानहरु.हराउन हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका र हस्तान्तरण भइ आएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ। | |
| ८.३ | | | सरकारी तथा सार्वजनिक जग्गा संरक्षण उपयोग तथा हक हस्तान्तरण - स्थानीय सरकार सञ्चाल ऐन २०७४ को दफा ९७ मा।गाँउपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ ।गाँउ पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेकोअभिलेख राखेको पाइएन । गाँउ पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गरी अभिलेख राख्नु पर्दछ। | |
| ९ | | | **आन्तरिक नियन्त्रण प्रणाली** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९.१ | | | आन्तरीकनियन्त्रणको अवस्था — स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी प्रभावकारी नियमित र दक्षतापुर्ण ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ—आफ्नो कामको प्रकृतिअनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु.देहाय बमोजिम छन्<br>• ·जिन्सी निरिक्षण प्रतिवेदन तयार गरि जिन्सी मालसमानको लिलाम मर्मत सम्वन्धी कारवाही नगरेको<br>• उद्देश्य प्राप्तिमा आई पर्ने सम्भावित जोखिम क्षेत्रहरुको पहिचान र सो निराकरणको लागि कार्यक्रम व्यवस्थित नगरेको<br>• पहिचान र सो निराकरणको लागि कार्यक्रम व्यवस्थित नगरेको<br>• कर्मचारीको पद बर्गिकरण अनुसारको कार्य विवरण बनाइ लागू नगरेको<br>• गुनासो पेटिकाको प्रयोग गरी गुनासो वा उजुरीको अभिलेख नराखेको.<br>• वडामा उठ्ने राजस्वको लक्ष्य निर्धारण नगरेको<br>• पुँजीगत खर्चमा प्राथमिकता नअपनाएको<br>• स—साना योजनालाई प्राथमिकतामा राखेको<br>• कोषहरुको कार्यविधि कानून नवनाएको<br>• उपभोक्ताको योगदान न्यूनरुपले जुटाएको<br>• योजनाको सार्वजनिक लेखापरीक्षणमा विस्तृत विवरण नभरेको<br>• मर्मत कोषको कार्यविधि नवनाएको<br>• संस्थागत क्षमता विकासमा न्यून प्रगति गरेको<br>• प्रथम चौमासिकमा ठेक्का व्यवस्थापन नगरेको<br>• ठेक्का अवधिमा कार्य सम्पन्न नगरी म्याद थप गरेको<br>• राजस्वको प्रक्षेपण र प्राप्ति वैज्ञानिक नदेखिएको<br>• आन्तरिक नियन्त्रण प्रणालीको निर्देशिका बनाएता पनि कार्यान्वयनमा नल्याएको.<br>• एकीकृत सम्पत्ति विवरण र जिन्सीको एकत्रित लगत र निरीक्षण नगरेको | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • नेप्सासमा आधारित वित्तीय विवरण तयार नगरेको<br>• भ्रमण अभिलेखमर्मतसवारी साधनको मर्मत अभिलेख नराखेका<br>• खर्च मापदण्ड निर्देशिकाको पालना नगरेको<br>• तालिमगोष्ठीको लागत अनुमान तयार गरी प्रस्ताव आब्हाननगरेको<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन अभिलेखांकन र व्यवस्थापन नगरेको<br><br>आन्तरिक लेखापरीक्षणः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७७(२) मा स्थानीय तहले कानून वमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ। आर्थिक कार्यविधि तथा वित्तिय उतरदायित्व ऐन २०७६ को दफा ३४ मा स्थानीय तहले लेखा तथा आर्थिक कारोबारको नियमितत मितव्यिता कार्यक्षमता र प्रभावकारिताको आधारमा मासिक रुपमा लेखापरिक्षण गरी चौमासिक रुपमा प्रतिबेदन गरी आन्तरिक लेखापरीक्षण प्रतिवेदनबाट औल्याईएको विषयहरुको आधारमा आवश्यक सुधार गर्नु सम्बन्धित स्थानीय तहको कर्तव्य हुने तथा स्थानीय तहले आन्तरिक लेखा परीक्षण प्रतिवेदनमा उल्लेख भए वमोजिम सुधार भए नभएको परीक्षण गर्न तथा आवश्यक कारवाही गर्न सार्बजनिक लेखा समिति गठन गर्नु पर्ने व्यवस्था छ । गाँउ पालिकको आर्थिक कार्यबिधि ऐन २०७५ मा गाउँकार्यपालिका र मातहत कार्यालयहरुको आर्थिक कारोवारको आन्तरिकलेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका आधारमा तोकिएको मापदण्डभित्र रहीगाउँरपालिकाको आन्तरिक लेखापरीक्षण शाखा वा तोकिएको कर्मचारीबाट हुने ब्यबस्था छ । उपरोक्त व्यवस्था वमोजिम लेखापरिक्षकले आन्तरिक लेखा परीक्षण गरि प्रतिबेदन अन्तिम लेखापरिक्षणको समयमा लेखापरिक्षण कार्यको भौचिङ परिक्षण कार्य सम्पन्न भए पश्चात मात्र प्राप्त भएको छ । अतः आन्तरिक लेखापरीक्षण सम्वन्धमा ऐनमा भएको व्यवस्था अनुरुप मासिकरुपमा परिक्षण गरी आन्तरिक नियन्त्रण प्रणालीलाई सबल र सक्षम बनाउनु पर्दछ।<br><br>चौमासिक खर्चः- - आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व नियमावली २०७७ वमोजिम स्वीकृत भएको कार्यक्रममा चौमासिक प्रगती विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कार्यक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार पुँजीगत तर्फ प्रथम चौमासिकमा ४.४२ प्रतिशत दोश्रो चौमासिकमा २५.८८ प्रतिशत र तेश्रो चौमासिकमा ६९.७ प्रतिशत खर्च गरेको र आषाढ महिनामा मात्र कुल खर्चको ४१.१८ प्रतिशत खर्च गरेको छ । वर्षको अन्तमा आएर खर्चको चाप वढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन ।कार्यको गुणस्तरियता सुनिश्चित गर्न आषाढमा खर्च गर्ने प्रवृत्तिमा सुधार गरिनुपर्दछ ।
<table>
<tr><td rowspan="2">पूँजीगत खर्च शीर्षक</td><td rowspan="2">कुल खर्च</td><td colspan="3">चौमासिक खर्च</td><td>आषाढ महिनाको मात्र खर्च</td></tr>
<tr><td>प्रथम</td><td>दोस्रो</td><td>तेस्रो</td><td></td></tr>
<tr><td>पूँजीगत कूल खर्चः</td><td>१२,२७,११,७११</td><td>५४,२७,३१४</td><td>३,१७,६७,७७२</td><td>८,५५,१६,६२५</td><td>५,०५,३८,९५४</td></tr>
<tr><td>खर्च प्रतिशत</td><td>१००</td><td>४.४२</td><td>२५.८८</td><td>६९.७</td><td>४१.१८</td></tr>
</table></td><td></td></tr>
<tr><td>९.२</td><td></td><td></td><td>भ्रमण खर्चःभ्रमण खर्च नियमावलीको नियम २०६४ मासरकारी कामको सिलसिलमा मुलुक भित्र आफ्नो कार्यालय भन्दा वाहिर भ्रमण वा काजमा खटिएका कर्मचारीले मात्र भ्रमण खर्च पाउने व्यवस्था छ । पालिकाले निश्चित काम नतोकी कर्मचारीलाई भ्रमण खर्च लेख्न पाउने देखिदैन ।कार्यालयले भ्रमण आदेशमा भ्रमणको उद्देश्यमा सरकारी काम उल्लेख गरी भ्रमण प्रतिबेदन र भ्रमण अभिलेख बेगर अनुगमन मुल्यांकन रु ३२ लाख ५१ हजार भ्रमण खर्च रु १ लाख ७६ हजार,भुक्तानी दिएको पाइयो ।भ्रमणमा खटाउदा स्पष्ट काम तोकी भ्रमण अभिलेख र प्रतिबेदन लिएर मात्र भ्रमण भत्ता भुक्तानी गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>९.३</td><td></td><td></td><td>बेरुजु लगतः बेरुजु लगतका लागि मलेप फारामको व्यवस्था गरिएको छ । गाँउ पालिकाले म. ले. प. फाराम ८०१ — बेरुजु लगत म. ले. प. फाराम ८०२ — बेरुजुको कार्यालयगत प्रतिवेदन म. ले. प. फाराम ८०५ — सम्परीक्षण गोश्वारा अभिलेख राखेको देखिएन ।बेरुजुको लगत राखी फछ्र्यौट तथा सम्परिक्षण गराउनु पर्दछ .।</td><td></td></tr>
<tr><td>९.४</td><td></td><td></td><td>इन्धन खर्चःआर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व नियमावलीको नियम ३९ मा रित पु-याई विल भरपाई प्रमाणका आधारमा भुक्तानी दिई लेखाङ्कन गर्नुपर्ने उल्लेख छ । गाँउ पालिकाले यो बर्ष इन्धन कार्यालय प्रयोजनमा वडाको खर्च बाहेक रु ९ लाख ६२</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | हजार पदाधिकारीमा १० लाख २७ हजार ईन्धन खर्च गरेको छ ।ईन्धन खर्चभुक्तानी दिंदा सवारी साधन नम्बरप्रयोग कर्ता, प्रयोजन, गन्तव्य, स्थानदुरी खुल्नेगरी सवारी लगबुक राखेको पाईएन । आयल स्टोरको विलका आधारमा मात्र भुक्तानी दिएको पाईयो ।सवारी लगबुक नराखी भुक्तानी दिएको खर्चको आधारमा चलेको माईलेज र खपत ईन्धनको तुलना हुन नसकी यस बर्ष खर्च भएको इन्धन खर्चको पुष्टी हुन सकेन । यसरी ईन्धन खर्च नियन्त्रण र मितव्ययी नभई हिनामिना समेत हुन सक्ने हुँदा कार्यालयबाट एकद्वार प्रणालीमा कुपन प्रयोग गरी लगबुकबाट खपत भएको परिमाणको आधारमा मात्र ईन्धन खर्च लेख्नु पर्दछ ।<br><br>वातावरणीय प्रभावः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ मा पालिका क्षेत्रमा स्थल जल वायू तथा ध्वनी प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ । गाँउ पालिकाले वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन । गाँउ पालिकाले बातावरणिय प्रभाव मुल्यांकन नगरी यस बर्ष बिगत बर्षको जस्तै मेशिनबाट नया सडकको ट्र्याक खोलि सम्रचनागत कार्य र नाली निर्माण नगरी छोडेको देखियो वातावरणीय प्रभाव मूल्याङ्कनलाई ध्यान दिई बातावरण संरक्षणको दीर्घकालिन योजना तयार गरी कार्यक्रम संचालन गरिनुपर्दछ ।.<br>मौजुदा सूची तयारः सार्वजनिक खरिद ऐन २०६३ को दफा ६(क) बमोजिम प्रत्येक सार्वजनिक निकायले दफा ३० को उपदफा (६) दफा ४१ को उपदफा (१) को खण्ड (क) र दफा ४६ बमोजिम गरिने खरिदको लागि खरिदको प्रकृति अनुसार आपूर्तिकर्ता निर्माण व्यवसायी परामर्शदाता गैर सरकारी संस्था वा सेवा प्रदायकको दफा १०(२) बमोजिमको योग्यताको आधारमा छुट्टाछुट्टै सूची तयार गर्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले त्यसरी मौजुदा सूची तयार गरेको छैन । यसले गर्दा कार्य विशिष्टीकरणको आधारमा खरिद प्रक्रिया नहुने तथा उपयुक्त योग्यता र क्षमता नभएकाबाट समेत सेवा प्राप्त गर्दा गुणस्तरीय सेवा प्रवाह नहुने देखिन्छ । तसर्थ कानूनको पालनामा कार्यालयले ध्यान दिनु पर्दछ ।<br>सामाजिक परीक्षण— स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ ।गाँउ पालिकाले सार्वजनिक परीक्षणअन्तर्गत योजना संचालन कार्यान्वयन र कार्यप्रक्रियामा पारदर्शिता र जवाफदेहिताको वृद्धि गर्न सार्वजनिक परीक्षण सम्बन्धी उपभोक्ता समिति परिचालन निर्देशिका बनाइ पालना गरेको देखिएन । योजनाको सार्वजनिक परीक्षण तथा भौतिक र बित्तिय प्रतिबेदन सम्बन्धी ढाँचामा आबश्यक सबै बिबरण नभरी केबल फरम्याट राखि समितिका पदाधिकारीले दस्तखत गरी राखेको | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | अवस्थाले योजनामा सार्वजनिक परीक्षण अवलम्वन गरेको पाइएन । केही ठूला योजनाहरूमा छनौटबाट सामाजिक परीक्षणको व्यवस्था समेत अवलम्वन गर्नुपर्नेमा बाह्य निकायबाट सो प्रक्रिया पनि यो वर्ष कार्यान्वयन भएको देखिएन । पालिकाबाट संचालित सबै पँजिगत एवं चालु योजनामा निर्देशिकाले तोके बमोजिम सबै बिबरण भरी तोकेको ढाँचा अनुरुप सार्वजनिक परिक्षण गर्नेतर्फ कार्यालयको ध्यानाकर्षण हुनुपर्दछ । | |
| १० | | | **संगठन तथा कर्मचारी व्यवस्थापन** | |
| १०.१ | | | संगठन तथा कर्मचारी ब्यवस्थापनः स्थानीय सरकार संचालनमा ऐन २०७४ मा गाँउपालिकाले आफ्नो कार्यबोझ र आन्तरिक आय समेतको आधारमा संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी समायोजन हुने कर्मचारी बाहेक अन्य कर्मचारी लोक सेवा आयोगमा विज्ञापन गरी खुल्ला प्रतिश्पर्धाबाट नियुक्ति गर्नुपर्ने ब्यबस्था छ । कार्यालयको कार्यबोझ र आन्तरिक आयले धान्न सक्ने गरी पद अनुसारको कार्य विवरण तयार गररेको देखिएन । कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था बमोजिम पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको दरवन्दी स्वीकृत गरी पदपुर्ति गर्नुपर्दछ । | |
| १०.२ | | | **कर्मचारी करार**ः–स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न शिक्षा बाहेक ९ पदमा ३७ जना कर्मचारीहरु करारमा राखि रु. १०८९८६४०। खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, माली, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न शिक्षा बाहेक गा पा तर्फ सव इन्जिनियर २ जना, असिष्टेन्ट २ जना, सुचना अधिकृत १ तथा स्वास्थ्यतर्फ अनमी ६ जना, अहेब २ जना र ल्याब असिष्टेन्ट १ गरी जम्मा १४ जना कर्मचारीहरु करारमा राखी रु.४६४६६८०। खर्च लेखेको छ | ४,६४६,६८० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १०.३ | | | **अबकाश कोषः**स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरीअबकाश कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यस बर्ष कर्मचारीको तलवबाट १०प्रतिशत कट्टि गरेको देखिएन ।ऐनको ब्यबस्था अनुसार कल्याण कोषको ब्यबस्था गरी उक्त कोषमा मासिक तलवबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था कार्यान्वयन हुनु पर्दछ । | |
| १०.४ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था बमोजिम दरवन्दी स्वीकृत र पदपूर्ति गर्नुपर्नेमा पालिकाले स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखीदरवन्दी स्वीकृत र पदपूर्ति गरेको देखिएन। अधिकृतस्तरका पदहरु रिक्त रहेको तथा राजस्व क्षमताले नभ्याउने गरी तल्लोतहका पदमा करार कर्मचारी राखेको देखिन्छ । पालिकाको क्षमता अनुसार ऐनले तोके बमोजिम दरबन्दी स्वीकृत र पदपुर्ति गर्नुपर्दछ । | |
| १०.५ | | | निजामती सेवा कानून वमोजिम तलवि प्रतिवेदन पारित गरेर मात्र तलवभत्ता खर्च लेख्नुपर्नेमा पालिकाले स्वास्थ्य ,कृषि, पशु र शिक्षा तर्फका कर्मचारीहरुको तलवी प्रतिबेदन पास गरेको देखिएन । | |
| ११ | | | **विद्यालय अनुगमन**<br><br>पालिकाले विद्यालय अनुगमनको मापदण्ड निर्धारण गरेको पाइएन ।<br>पालिकाले विद्यालयहरुको उपाध्यक्षको संयोजनकत्वमा अनुगमन गरेको भएता पनि सो को प्रतिवेदन सार्वजनिक गरेको पाइएन । | |
| १२ | | | **अग्रीम आयकर** | १३,५०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
आयकर ऐन २०५८ को दफा नं ८९ क मा मूल्य अभिवृद्धि कर बिजकको भुक्तानीमा १.५ प्रतिशत अग्रीम कर कट्टी गर्नुपर्ने र दफा ८७ ८८ र ८९ अनुसार प्यान तथा मूल्यवृद्धि करमा दर्ता नभएको व्यक्ति वा फर्मलाई भुक्तानी गर्दा १५ प्रतिशत अग्रीम कर कट्टी गरेर मात्र भुक्तानी गर्नुपर्ने उल्लेख छ । पालिकाको विभिन्न सुचना तथा कार्यक्रम प्रशारण गरेवापत देहायका रेडियोलाई १.५ प्रतिशत मात्र कर कट्टी गरी भुक्तानी गरेकोले १३.५प्रतिशतले हुने रकम रु १३५००। असुल गर्नुपर्ने रु
<table>
<tr><td>गो भौ नं।मिति</td><td>कम्पनीको नाम</td><td>भुक्तानी</td><td>१५% कर</td><td>१.५% कर</td><td>१३.५% कर</td></tr>
<tr><td rowspan="2">३३३।०७९।३।२१</td><td>रेडियो शारदा ३०२६४२७१५</td><td>१००००</td><td>१५००</td><td>१५०</td><td>१३५०</td></tr>
<tr><td>रेडियो रासी एफ एम ३०२६४२७१५</td><td>१००००</td><td>१५००</td><td>१५०</td><td>१३५०</td></tr>
<tr><td>३५८।०७९।३।२३</td><td>गाउँवेशी सूचना केन्द्र ३०३७१७३५७</td><td>८००००</td><td>१२०००</td><td>१२००</td><td>१०८००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१०००००</td><td>१५०००</td><td>१५००</td><td>१३५००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>
सफ्टवेयर खरीद<br><br>
नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले सम्बन्धी सफ्टवेयर खरिद गरी देहायबमोजिम रु.४५९९००। खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्टवेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।
<table>
<tr><td>सि नं</td><td>सेवा प्रदायक कम्पनी</td><td>सफ्टवेयरको नाम</td><td>रकम</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>१</td><td>स्मार्ट टेक सोलुसन प्रा लि</td><td>स्मार्ट रोड सफ्टवेयर २०२२</td><td>२०००००</td></tr>
<tr><td>२</td><td>वल्क एस एम एस सिस्टम</td><td>फाइन्ड अल नेपाल प्रा लि</td><td>२५९९००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>४५९९००</td></tr>
</table>
रोड डिजाइनिङ्गको लागि आवश्यक तथ्याङ्क संकलन गरी एक दिने ट्रेनिङ्ग दिई उक्त सफ्टवेयर इन्स्टल गरिदिने गरी मिति २०७८।८।१० गते स्माट टेक सोलुसन प्रा लि सँग सम्झौता भएकोमा हालसम्म सो प्रा लि ले कुनै पनि तालिम नदिएको र सो सफ्टवेयर पनि हाल सम्म प्रयोगमा ल्याएको नदेखिएकोले जुन प्रयोजनको लागि सफ्टवेयर खरिद भएको हो सो अनुसारको कार्य भएको पाइएन ।</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>पदाधिकारी सुविधा</td><td></td></tr>
<tr><td>१४.१</td><td></td><td></td><td>✍ ..........(प्रारम्भिक प्रतिवेदन उपर असूल भई प्रमाण पेश भएको आधारमा मिति २०७९। १२। १७ को निर्णयबाट रु.२४२०० ।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>१४.२</td><td></td><td></td><td>कर्णाली प्रदेश स्थानिय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्मन्धि ऐन 2077 को दफा 3 को अनुसुची 1 र 2 वमोजिम अनुगमन खर्च मासिक भुक्तानी हुने भएकोले थप छुट्टै अनुगमन खर्च नपाउने देखिएको र सरकारी कर्मचारी पदाधिकारीले आफु कार्यरत मातहतका निकायहरु र कार्यक्रमहरुको अनुगमन गरे वापत अनुगमन भत्ताको व्यवस्था नरहेकोमा कार्यालयले सुत्केरी घर भेट कार्यक्रम अनुगमन गरे वापत रु३३३०० अनुगमन भत्ता खर्च लेखेको अनियमित देखिएको रु.</td><td>३३,३००</td></tr>
<tr><td>१५</td><td></td><td></td><td>न्यायीक समितिको बैठक भत्ता</td><td>११,९००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन २०७७ को दफा ११ मा न्यायिक समितिका सदस्यहरुले महिनामा बढा दुई वटा बैठकको लागी प्रति बैठक ५०० का दरले इजलास भत्ता पाउने व्यवस्था रहेको छ । पालिकामा देहायको न्यायीक समितिले श्रावण देखि फाल्गुन सम्मको ७ वटा बैठक भत्ता भनि रु २८०००। र ६ वटा इजलास भत्ता भनि रु१२०००। भुक्तानी भएको छ । स्थानीय सरकार सचालन ऐन २०७४ को परिच्छेद ८ मा न्यायीक कार्य सम्बन्धी व्यवस्था अन्तर्गत विवादको किनारा लगाउने समितिको अधिकार क्षेत्र बारे व्यवस्था अनुसार विवाद किनारा लगाएवापतको भत्ता मात्र पाउनेमा इजलास भत्ता बाहेक बैठक भत्ता भनि भुक्तानी भएको रु २८०००। न्यायिक समितिका संयोजक तथा सदस्यहरुबाट असुल गर्नु पर्ने रु २८०००कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन २०७७ को दफा ११ मा न्यायिक समितिका सदस्यहरुले महिनामा बढा दुई वटा बैठकको लागी प्रति बैठक ५०० का दरले इजलास भत्ता पाउने व्यवस्था रहेको छ । पालिकामा देहायको न्यायीक समितिले श्रावण देखि फाल्गुन सम्मको ७ वटा बैठक भत्ता भनि रु २८०००। र ६ वटा इजलास भत्ता भनि रु१२०००। भुक्तानी भएको छ । स्थानीय सरकार सचालन ऐन २०७४ को परिच्छेद ८ मा न्यायीक कार्य सम्बन्धी व्यवस्था अन्तर्गत विवादको किनारा लगाउने समितिको अधिकार क्षेत्र बारे व्यवस्था अनुसार विवाद किनारा लगाएवापतको भत्ता मात्र पाउनेमा इजलास भत्ता बाहेक बैठक भत्ता भनि भुक्तानी भएको रु २८०००। न्यायिक समितिका संयोजक तथा सदस्यहरुबाट रु२८०००। मा कर कट्टा गरी रु२३८०० असुल गर्नु पर्ने रु<br>***(प्रारम्भिक प्रतिवेदन उपर असूल भई प्रमाण पेश भएको आधारमा** जम्मा **रु.११९००।- सम्परीक्षण गरिएको । )*** | |
| १६ | | | **पत्रपत्रिकामा छुट सुविधा**<br><br>सरकारी सूचनाहरु पत्रपत्रिकामा प्रकाशन गर्दा गोरखापत्र लगायतले २५ प्रतिशतसम्म छुट दिएको पाइन्छ । तर पालिकाले विभिन्न निजी पत्रपत्रिकामा सूचना प्रकाशन गराए वापत भुक्तानीमा पाउने सरकारी छुट नलिएको तथा कम प्राप्त गरेको देखिन्छ ।आषाढ महिनामा भएको प्रकाशनवापतको भुक्तानी परीक्षण गर्दा देहायका ५ वटा मिडियाले १५ प्रतिशत मात्र छुट दिएको र पालिकालाई रु ४३६२८। बढी व्यय भार पारेको देखियो । अत सामान्य बजार दर बमोजिम छुटको सुविधा लिइ खर्चमा मितव्ययिता अपनाउने तर्फ ध्यानाकर्षण हुनुपर्छ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>सि नं</th><th>संस्थाको नाम</th><th>भुक्तानी रकम</th><th>१५ प्रतिशत छुट पाएको</th><th>छुट पाउनु पर्ने रकम</th><th>बढी व्ययभार</th></tr>
<tr><td>१</td><td>क्रियटिभ मिडिया प्रिन्ट प्रा लि</td><td>११९२९४</td><td>१८६३०</td><td>३१०५०</td><td>१४०३५</td></tr>
<tr><td>२</td><td>एड फोकस मल्टिपल विजनेस प्रा लि</td><td>६७४२७</td><td>१०५३०</td><td>१७५५०</td><td>७९३३</td></tr>
<tr><td>३</td><td>सारदा मिडिया प्रा लि</td><td>३४५७८</td><td>५४००</td><td>९०००</td><td>४०६८</td></tr>
<tr><td>४</td><td>सारदा मिडिया प्रा लि</td><td>३८०३६</td><td>५९४०</td><td>९९००</td><td>४४७५</td></tr>
<tr><td>५</td><td>सिम्पल मिडिया प्रा लि</td><td>१११५१३</td><td>१७४१५</td><td>२९०२५</td><td>१३११८</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३७०८४८</td><td>५७९१५</td><td>९६५२५</td><td>४३६२८</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>परामर्श खर्च<br><br>सार्बजनिक खरिद नियमावली, नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले देहायअनुसारका</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>परामर्शदाता आवश्यक नपर्ने कर्मचारीको कार्यविवरण तथा मध्यम कालिन खर्च संरचना तयारी गर्ने कार्य समेत प्रतिस्पर्धा नगरी सोझै खरिद गरी रु.११४३५६०।खर्च लेखेको छ। पालिकाले उपलव्ध जनशक्ति बाट नै गराउनु पर्ने कार्य समेत नगराई देहायको परामर्शदाताबाट गराएको ले अनियमत देखिएको रु
<table>
<tr><th>सि नं</th><th>परामर्शदाताको नाम</th><th>कामको विवरण</th><th>रकम</th></tr>
<tr><td>१</td><td>इन्सेल्फ वेष्टर्न नेपाल प्रा लि</td><td>मध्यमकालिन खर्च संरचना तयारी</td><td>६४८६२०</td></tr>
<tr><td>२</td><td>भिजन आइटी कन्सल्टेन्सी एण्ड इन्जिनियिङ्ग सोलुसन प्रा लि</td><td>कर्मचारी कार्यविवरण तयारी</td><td>४९४९४०</td></tr>
<tr><td></td><td></td><td></td><td>११४३५६०</td></tr>
</table></td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>खर्चको बिल भरपाई<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल,भरपाई,प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था गरेको छ । पालिकाले देहायका खर्चको भुक्तानी गर्दा जिन्सी सामान वितरण गरेको तथा जिन्सी आम्दानी गरेको रु ३०११७७ । प्रमाण पेश नभएको रु
<table>
<tr><th>भौचर नं</th><th>खर्चको विवरण</th><th>रकम</th><th>सामानको विवरण</th></tr>
<tr><td>६१।०७८।७।१४</td><td>वडा नं ४ को खेलकुद सामाग्री वितरण</td><td>५००००</td><td>फुटवल भलिबल ४ सेट,ड्रेस २० सेट लगायत</td></tr>
<tr><td></td><td>वडा नं १ को खेलकुद सामाग्री</td><td>११००००</td><td>भलिबल लगायत</td></tr>
</table></td><td>३०१,१७७</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३५९।०७९।३।१३</td><td>त्रिवेणीधाम सामुदायिक अध्ययन केन्द्र</td><td>५००००</td><td>अनुदान</td></tr>
<tr><td>९८।०७८।९।५</td><td>वडा नं ४ वडा कार्यालय व्यवस्थापन खर्च</td><td>९११७७</td><td>प्लास्टिक कुर्सी, टेबल लगायत जिन्सी दाखिला नभएको</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३०११७७</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>सुरक्षित नागरिक आवास कार्यक्रम<br><br>सार्बजनिक खरिद नियमावली नियमावली २०६४ बमोजिम निर्माण कार्यको सामाग्री र ज्याला सहितको कार्य मुल्यांकन हुनुपर्ने ब्यबस्था छ।. सुरक्षित नागरिक आवाश कार्यक्रम अन्तरगत पालिकाका १३० जनालाइ प्रथम किस्ता बापत ६० प्रतिशत रु ३०००० का दरले र लाभग्राहिले भर मर्मत गरेको कार्य मुल्यांकन गरि अन्तिम किस्ता बापतको ४० प्रतिशत रकम रु २० हजार दिने ब्यबस्था भएकोमा पालिकाले गत बर्ष १२५ जनालाइ रु १२००० का दरले रु १५ लाख तथा यस बर्ष १२५ जनालाइ २० हजारका दरले रु २५ लाख गरी कुल रु ४० लाख भुक्तानी गरेकोमा लाभग्राहिले धर मर्मत गरेको कार्य सम्पन्न प्रतिबेदन पेश गरेको देखिएन। कार्यालयले कार्य सम्पन्न गर्न पहल गरि कार्य सम्पन्न प्रतिबेदनको आधारमा अन्तिम किस्ता भुक्तानी हुनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>कन्टिन्जेन्सी खर्च<br><br>पालिकाले कन्टिन्जेन्सी खर्च गर्दा गाउसभाबाट योजना तथा कार्यक्रम स्विकृत गरी तोकिएको सिमा भित्र खर्च गर्नुपर्नेमा सभाबाट स्वीकृत नगरी आबश्यकताको आधारमा यस बर्ष रु ६०५००० खर्च गरेको देखियो ।कन्टिन्जेन्सिबाट खर्च भएको शिर्षकगत खर्च बिबरण पेश भएन। यसरी खर्चको बिबरण बेगर गाउसभाबाट पुर्ब स्वीकृत नगराइ खर्च गर्ने परिपाटि नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२१</td><td>३</td><td>२०७८-९-८</td><td>गत बर्षको भुक्तानी</td><td>७२५,१६२</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९ उपनियम १५ मा उल्लेखित स्वीकृत दरबन्दीको तलब, महंगी भत्ता र स्थानीय भत्ता, सरुवा भ्रमण खर्च, घरभाडा, पोसाक, खाद्यान्न, औषधी उपचार, विरामी बन्दीको सिदा, सेवा निवृत सुविधा, स्वीकृत वार्षिक कार्यक्रम समावेश भएको व्यक्ति फर्म तथा संस्था वा कम्पनीसँग सम्झौता बमोजिमको रकम जस्ता खर्च शीर्षकको चालु बजेटले नखामेको खर्च बेहोर्नुपर्ने उचित आधार र प्रयाप्त कारण भएमा सम्बन्धित कार्यालयले संलग्न विल भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखा परीक्षकबाट स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको ७ दिन भित्र प्रमाणित गराई आर्थिक विवरणको साथमा महालेखा परीक्षकको कार्यालयमा समेत पठाई आगामी आर्थिक वर्षको सम्बन्धित बजेट रकमबाट भुक्तानी दिन पुग्ने देखिएमा मात्र भुक्तानी दिन सक्ने व्यवस्था छ। सिद्धार्थ इन्जिनियरिङ वर्क्सलाइ नियमको उपनियम ÷१५ले तोकेका शिर्षक भन्दा फरक मर्मत शिर्षकको भुक्तानी दिन बाकीको म.ले.प.फा.न. १८ प्रमाणित समेत नगरी यस बर्ष भुक्तानी गरेको नियमित नदेखिएको रु | |
| २२ | | | **अग्रीम कर**<br><br>आयकर ऐन २०५८ अनुसार ज्याला भुक्तानीमा १ प्रतिशत, सामाग्री खरिदको कर बिजक पेश भएकोमा १.५ प्रतिशत, ढुवानी र भाडामा १० प्रतिशत तथा सामाग्री सहितको ढुवानीमा कर बिजक पेश नभएकोमा २.५ प्रतिशत अग्रीम कर कट्टी गर्नुपर्ने ब्यबस्था भएकोमा पालिकाले निम्नानुसारको भुक्तानीमा अग्रीम कर घटि कट्टी गरेको देखिएकोले कर रकम असल गर्नुपर्ने रु | ५२,००९ |

| गो. भौ. मिति | योजनाको नाम | खर्च बिबरण र रकम | कर रकम | कट्टी रकम | घटि रकम |
|---|---|---|---|---|---|
| ७÷२०७९।२।३० प्रदेश पुजिगत | तिर्से घडेरी हुदै चोरखोला जोड्ने सडक उ.स. | ज्यामी-३७९२५० | ३७९२ | ० | ३७९२ |
| | | ज्यामि-६१८४०० | ३५६०५ | १३५६७ | २२०३८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ८÷२०७९।२।३० प्रदेश पुजिगत | छरछरे फलाबाङ खानेपानी योजना÷४ उ.स. | सामाग्रीखरिद-९०३४५२ | | | |
| | | ढुवानी-१५८७०० | | | |
| ११÷२०७९।३।२३ प्रदेश पुजिगत | नि.मा.बि.दाङचुली भवन निर्माण उ.स. | सामाग्रीखरिद-१३३२५७८ | ३५८५७ | २२१०९ | १३७४८ |
| | | सामाग्रीसहित ढुवानी-६०००० | | | |
| | | ढुवानी-२०००० | | | |
| | | भाडा-७०००० | | | |
| | | ज्यामी-५३६८५० | | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>७÷२०७९।३।१२ शशर्त संघिय पुजिगत</td><td>मस्टाको मन्दिर निर्माण उ.स.</td><td>ज्यामी-३९५६०१</td><td>३९५६</td><td>०</td><td>३९५६</td></tr>
<tr><td rowspan="4">११÷२०७९।३।१६ शशर्त संघिय पुजिगत</td><td rowspan="4">राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम २ कोठे भवन निर्माण</td><td>सामाग्रीखरिद-८२९५३३</td><td rowspan="4">१३४७५</td><td rowspan="4">१२४४३</td><td rowspan="4">१०३२</td></tr>
<tr><td>ज्यामी-१०३१९६</td></tr>
<tr><td>सामाग्रीखरिद-१४३६६७</td></tr>
<tr><td>ज्यामी-११५८६००</td></tr>
<tr><td rowspan="3">१५÷२०७९।३।२२ शशर्त संघिय पुजिगत</td><td rowspan="3">कोषपिपल झोलुङगेपुल</td><td>भाडा-१८२५०</td><td rowspan="3">१२०६१</td><td rowspan="3">४६१८</td><td rowspan="3">७४४३</td></tr>
<tr><td>सामाग्रीखरिद-१८६२००</td></tr>
<tr><td>ज्यामी÷७४४३२९</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td rowspan="2"></td><td rowspan="2"></td><td>सामाग्रीखरिद ÷१४७२००</td><td rowspan="2"></td><td rowspan="2"></td><td rowspan="2"></td></tr>
<tr><td>ज्यामी-२२६२९०० </td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>५२००९</td></tr>
</table>
<br>
*(प्रारम्भिक प्रतिवेदन उपर असूल भई प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।२३ को निर्णयबाट* जम्मा *रु.३४२१५ ।- सम्परीक्षण गरिएको ।)*
</td><td></td></tr>
<tr><td>२३</td><td></td><td></td><td>**परामर्स सेवामा अग्रीम कर**<br><br>कर बिजक र लागत अनुमानः सार्बजनिक खरिद नियमावली २०६४ को नियम १२ बमोजिम परामर्स सेवाको लागत अनुमान तयार नगरी पालिकाले परामर्सदाताले पेश गरेको रु ४९८००० को प्रस्ताव को आधारमा भुक्तानी गरेको तथा उक्त परामर्सदाता २०७७।६।१४ मा मु.अ.करमा दर्ता भएकोमा कर बिजक पेश नगरी भरपाइको आधारमा भुक्तानी लिएको देखिएकोले कर बिजक पेश नभएको परामर्स सेवामा आयकर ऐन २०५८ को दफा ८८ बमोजिम १५ प्रतिशत अग्रीम कर रु ७४७०० कट्टी गर्नुपर्नेमा तेस्रो पक्षको पारिश्रमिक र बहाल कर रु ५३३९०मात्र कट्टी गरेकोले घटी अग्रीम कर असुल गर्नुपर्ने रु</td><td>२१,३१०</td></tr>
<tr><td>२४</td><td></td><td></td><td>**ठेक्का कार्यको न्युन प्रगति**</td><td></td></tr>
<tr><td>२४.१</td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावली २०७७ को नियम १२० मा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा गाउपालिकालाई सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरी प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशत पूर्वनिर्धारित क्षतिपुर्ति दिनुपर्ने तर पूर्वनिर्धारित क्षतिपुर्ति तिर्दैमा सम्बन्धित निर्माण व्यवसायी खरिद सम्झौता</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | बमोजिमको कार्य सम्पादन गर्ने दायित्वबाट मुक्त हुन नसक्ने व्यवस्था छ। राजागिठि लिफ्ट खानेपानी योजना दोस्रोः निरज एन्ड निप्सन निर्माण सेवा र पालिका बिच मु.अ.कर बाहेक रु ४१४८६२४ मा २०७९ असार १६ सम्म कार्य सम्पन्न गर्नेगरी सम्झौता भएकोमा कार्यपालिकाको २०७९ असार ९ को निर्णयले २०७९ असोज मसान्त सम्म म्याद थप भएकोमा असार मसान्त सम्म रु ३६०५१७२ (८६.९० प्रतिशत)कार्य मुल्यांकन भइ भुक्तानी भएको देखिन्छ। थप भएको म्याद भित्र कार्य सम्पन्न गराउन कार्यालयबाट पहल हुनुपर्दछ । | |
| २४.२ | | | न्युन प्रगतिःसार्वजनिक खरिद नियमावली २०७७ को नियम १३० मा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा गाउपालिकालाई सम्झौता रकमको१० प्रतिशतमा नबढ्ने गरी प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशत पूर्वनिर्धारित क्षतिपुर्ति दिनुपर्ने तर पूर्वनिर्धारित क्षतिपुर्ति तिर्दैमा सम्बन्धित निर्माण व्यवसायी खरिद सम्झौता बमोजिमको कार्य सम्पादन गर्ने दायित्वबाट मुक्त हुन नसक्ने व्यवस्था छ .। गाउपालिकाको प्रशासपिय भवन निर्माण कार्यको लागत अनुमान रु ७३४८९३१४ मा प्राकृतिक हमाल जे.भि. सँग २०७७।३।३० मा २०७९।९।३० भित्र रु ४७२६११८७ मा कार्यसम्पन्न गर्नेगरी सम्झौता भएकोमा लेखापरिक्षण अवधि सम्म रु ११७५५५३० को कार्य मुल्यांकन अर्थात बित्तिय प्रगति २४.८४ तथा भौतिक प्रगति ३० प्रतिशत मात्र भएको देखियो । म्याद भित्र कार्य सम्पन्न गराउन कार्यालयबाट पहल हुनुपर्दछ । | |
| २५ | | | **प्राबिधिक मुल्यांकन** | |
| २५.१ | १४३ | २०७८-१२-१५ | सार्बजनिक खरिद नियमावली नियमावली २०६४ बमोजिम निर्माण कार्यको सामाग्री र ज्याला सहितको कार्य मुल्यांकन हुनुपर्ने ब्यबस्था छ। निर्माणमा प्रयोग हुने निम्नानुसारका एच.डि.पि. पाइप २१३५० मिटर खरिद गरी बुढाथोकी ट्रेडर्स एन्ड सप्लायर्सलाइ रु १०६९२४१ भुक्तानी गरेकोमा खरिद गरेको निर्माण सामाग्री उपभोक्ताको मागको आधारमा बितरण हुने र उपभोक्ताले पाइप खरिद समेतको योजना सन्चालन गर्ने गरेकोमा निर्माण सामाग्रीको सदुपयोग नभइ दोहोरो भुक्तानी हुनसक्ने देखिदा पालीकाले खरिद गरेका पाइपको फिटिङ र ज्याला समेतको प्राबिधिक मुल्यांकन पेश हुनुपर्ने रु | १,०६९,२४१ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>पाइपको बिवरण</td><td>परिमाण मिटर</td><td>रकम</td></tr>
<tr><td>१६ एम एम \१० के.जि.</td><td>१२००</td><td rowspan="4">१०६९२४१</td></tr>
<tr><td>२० एम एम \१६ के.जि.</td><td>६८५०</td></tr>
<tr><td>२५ एम एम \१६ के.जि.</td><td>६९५०</td></tr>
<tr><td>१२ एम एम \१६ के.जि.</td><td>६३५०</td></tr>
<tr><td>जम्मा</td><td>२१३५०</td><td>१०६९२४१</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२५.२</td><td>७३</td><td>२०७८-१०-२५</td><td>सार्बजनिक खरिद नियमावली नियमावली २०६४ बमोजिम निर्माण कार्यको सामाग्री र ज्याला सहितको कार्य मुल्यांकन हुनुपर्ने ब्यबस्था छ। निर्माणमा प्रयोग हुने निम्नानुसारका ग्याबियन बक्स र वायर खरिद गरी रावत सप्लायर्सलाइ रु ११०५६८२ भुक्तानी गरेकोमा उक्त सामाग्री २०७८।१२।२९ मा वडा अध्यक्ष र सचिवलाइ बुझाएको देखियो । खरिद गरेको निर्माण सामाग्री उपभोक्ताको मागको आधारमा बितरण हुने र उपभोक्ताले ग्याबियन खरिद समेतको योजना सन्चालन गर्ने गरेकोमा निर्माण सामाग्रीको सदुपयोग नभइ दोहोरो भुक्तानी हुनसक्ने देखिदा पालीकाले खरिद गरेका ग्याबियन बक्स र वायर ज्याला समेतको प्राबिधिक मुल्यांकन पेश हुनुपर्ने रु
<table>
<tr><td>बिबरण</td><td>परिमाण</td><td>रकम</td></tr>
<tr><td>ग्याबियन बक्स १.५*१*१</td><td>९४ थान</td><td rowspan="3">११०५६८२</td></tr>
<tr><td>ग्याबियन बक्स २*१*१</td><td>१५५ थान</td></tr>
<tr><td>ग्याबियन बक्स ३*१*१</td><td>८० थान</td></tr>
</table>
</td><td>१,१०५,६८२</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>बायिन्डिङ वायर</td><td>२४० के.जि.</td><td></td></tr><tr><td>जम्मा</td><td></td><td>११०५६८२</td></tr></table></td><td></td></tr>
<tr><td>२६</td><td></td><td></td><td>बृत्तचित्र निर्माण</td><td></td></tr>
<tr><td>२६.१</td><td>१९२</td><td>२०७९-२-३१</td><td>आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व नियमावली २०७७ मा विल भरपाई सहितको लेखा राख्नु पर्ने र भुक्तानी गर्दा चेकजाँच गरेर मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । गाउपालिकाको ५ बर्षको गतिबिधि समेटिएको बृतचित्र निर्माण बापत पुतलीदरबार मिडिया ग्रुप प्रा.लि. (मु.क.द.नं.६०९७३४२९०) लाइ रु ४९८००० भुक्तानी गरेकोमा निम्नानुसार देखियो .।</td><td></td></tr>
<tr><td>२६.२</td><td></td><td></td><td>बिल भन्दा बढि भुक्तानीः परामर्सदाताले स्क्रीप्टलेखन ,क्यामरा भाडा, गाडि भाडा,यातायात,निर्देशक पारीश्रमिक,क्यामरामेन, इडिटिङ बापत हरेकको १५\१५ पटकको संख्याको आधारमा स्वीकृत नम्सबेगर रु ४९८००० को प्रस्ताव पेश गरी भुक्तानीको बिल भर्पाइमा क्यामरा भाडा प्रतिदिन रु ५००० का दरले १५ दिनको रु ७५००० को दोहोरो भर्पाइ समेत हरेक आइटमको १५\१५ दिनको भाडा र पारिश्रमिक गरी कुल रु ४४०००० को बिल भर्पाइ पेश गरी रु ४९८००० भुक्तानी लिएको देखिदा दोहोरो भर्पाइ को रु ७५००० र घटी भर्पाइको रु ५८००० समेत रु १३३००० बढि भुक्तानी असुल गर्नुपर्ने रु</td><td>१३३,०००</td></tr>
<tr><td>२६.३</td><td>८९</td><td>२०७८-११-२७</td><td>सार्बजनिक खरिद नियमावली २०६४ को नियम १२ बमोजिम परामर्स सेवाको लागत अनुमानमा अनुसुचि ÷१क. बमोजिम परामर्सदाताले पेश गरेको प्रस्तावमा सोधभर्ना हुने खर्च भनी उल्लेख भएको खर्चको बिल भर्पाइ पेश गरेको आधारमा खर्च भएको रकम सोधभर्ना गर्नुपर्नेमा परामर्सदाता के.सि. मल्टी प्रपोज कन्सल्टेन्सी प्रा.लि. लाइ यातायात,अफिस भाडा र सफाइ सहयोगिको खर्च रु ८७६०० भुक्तानी गरेको देखिएकोले खर्चको बिल भर्पाइ बेगर भुक्तानी गरेको रकम असुल हुनुपर्ने रु</td><td>८७,६००</td></tr>
<tr><td>२७</td><td></td><td></td><td>छुट भएको कार्यमा बढि ब्ययभार</td><td></td></tr>
<tr><td>२७.१</td><td></td><td></td><td>सार्बजनिक खरिद नियमावली २०६४ को नियम १२ बमोजिम सार्बजनिक निकायले आयोजनाको बिस्तृत अध्ययन प्रतिबेदन तयार गर्दा सम्बन्धित परामर्स सेवाको कार्यक्षेत्रगत शर्तको आधारमा आबश्यक सबै कार्य समेटी तयारगर्नुपर्ने ब्यबस्था छ। पालिकाले आधारभुत</td><td>४३,४५९</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्वास्थ्य सेवा ढुङगी बजारको भवन निर्माणमा परामर्सदाताले बिस्तृत अध्ययन प्रतिबेदन तयार गर्दा बाउन्ड्रीवाल र टयांकीमा जाने भर्याङ निर्माण कार्य छुटाएको भनी यस बर्ष उक्त कार्यको रु २२८७३१ को लागतमा उपभोक्ता समितिबाट कार्य गराइ रु १८९८३१ भुक्तानी गरेको देखियो ।डि.पि.आर कार्यको परामर्शदाताले मस्यौदा तथा अन्तिम प्रतिबेदन पेश गर्दा सम्बनधित पक्षबाट अध्ययन नहुदा उक्त कार्यको ठेक्का ब्यबस्थामा निर्माण ब्याबसायिले २०७६।७७ मा घटि कबोल गरेको १९ प्रतिशत न्युन मुल्यमा हुनसक्ने कार्यलाइ पुनः सोझै खरिद कार्य गराउदा बढि ब्ययभार परेको रु | |
| २७.२ | | | सार्बजनिक खरिद नियमावली २०६४ को नियम १२ बमोजिम सार्बजनिक निकायले आयोजनाको बिस्तृत अध्ययन प्रतिबेदन तयार गर्दा सम्बन्धित परामर्स सेवाको कार्यक्षेत्रगत शर्तको आधारमा आबश्यक सबै कार्य समेटी तयारगर्नुपर्ने ब्यबस्था छ। पालिकाले लुहाम लिफ्ट खानेपानी योजनाको परामर्सदाताले बिस्तृत अध्ययन प्रतिबेदन तयार गर्दा सोलार फ्रेम स्टक्चरको कार्य छुटाएको भनी यस बर्ष उक्त कार्यको मुल्य अभिबृद्धि कर समेत रु ४७१७८३ को लागतमा भुमि निर्माण सेवाबाट कार्य गराइ रु ४६९७९२ भुक्तानी गरेको देखियो ।पालिकाले उक्त कार्यको डि.पि.आर कार्य साबिक जिल्ला खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय खलंगाबाट तयार गरी पेश भएको जनाएको छ। डि.पि.आर कार्यको परामर्शदाताले मस्यौदा तथा अन्तिम प्रतिबेदन पेश गर्दा सम्बनधित पक्षबाट अध्ययन नहुदा उक्त कार्यको ठेक्का ब्यबस्थामा निर्माण ब्याबसायिले घटि कबोल गरेको ८.६४ प्रतिशत न्युन मुल्यमा हुनसक्ने कार्यलाइ पुनः सोझै खरिद कार्य गराउदा बढि ब्ययभार परेको रु | ४०,४३६ |
| २७.३ | २२८ | २०७९-३-२३ | ठेक्का नं १÷२०७८।७९ खैराबाङ स्वास्थ्य चौकी भवन वडा नं १ निर्माण कार्य खैराबाङ माइ कन्ट्रक्सन प्रा.लि. बाट रु ४२३६००२ र ठेक्का नं २÷२०७८।७९ स्वास्थ्य चौकी भवन वडा नं २ निर्माण कार्य भगबति कन्ट्क्सनबाट रु ४५७६२२२ को कार्य मुल्यांकन गरी भुक्तानी गरेकोमा यसै बर्ष उक्त वडा नं १ र २ स्वास्थ्य चौकि भवनको एक्सेस रोड फिल्ड र वाल कन्ट्रक्सनको कार्य बापतको थप कार्य खैराबाङ माइ कन्ट्रक्सन प्रा.लि. बाट सोझै रु ९५५२५६ मा गराइ भुक्तानी गरेको देखियो । एकै बर्ष टेक्का ब्यबस्थाबाट भएको योजनामा थप कार्य गर्दा भेरियशन आदेश स्विकृत गराइ पुरानो आइटमको २५ प्रतिशत सम्मको परिमाण सम्झौताको दरमा र नया आइटमको निर्माण ब्याबसायि सग नेगोशेसन गरी कायम दरमा गर्नुपर्नेमा नया लागत अनुमानमा सोझै प्रतिष्पर्धा बेगर गराउदा ठेक्का नम्बर १ को ठेक्का ब्यबस्था ३७.३ प्रतिशत र ठेक्का नं २ को ३४.३९ प्रतिशत न्युनको औषत ३५.८ प्रतिशतले भुक्तानी रकममा रु ३४१९८१ बढि ब्ययभार परेको रु | ३४१,९८१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २८ | | | **डि पि आर कार्य**<br><br>बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले योबर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ। यस्तो अध्ययनकार्य गराउँदा लाग्ने खर्चको लागतअनुमान तयारगर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन। डी.पी.आर.तयार गर्दा गाँउपालिकाको प्राविधिकजनशक्ति प्रयोग नगर्नाको कारण स्पष्टगर्दै आगामी दिनमा पालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन । टोड्के सितलादेवि मन्दिर देखि कालापोखरा गुन्टा सडक डि.पि.आर र रीगाटाटके पार्कको DPR को परामर्शदाताले पेश गरेको प्रतिबेदन लेखापरिक्षणमा पेश नभएकोले पेश हुनुपर्ने रु | ९८५,६१८ |

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| टोड्के सितलादेवि मन्दिर देखि कालापोखरा गुन्टा सडक डि.पि.आर | राप्ती मेची इन्जिनियरिङ्ग कन्सल्टेन्सी | ५ लाख | ४,९०,००० | ले.प.मा पेश नभएको |
| सिमलचौर पिपलबोट पैथाचौर रोड मो.वा | .फेडरल इन्जिनियरिङ्ग सोलुसन्स प्रा.लि | ५ लाख | ४९६१८३ | २०१०५३१६५ |
| वेतेनी खोला लिफ्टिङ खानेपानी राजागिठी खानेपानी योजना डि.पि.आर | ड्रिम हाउस इन्जिनियरिङ्ग सोलुसन्स प्रा. लि | ५ लाख | ४९६७४८ | .४६२८२९८० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>तालखेत धुम्का लिफ्टिङ खा.पा .आयोजना निर्माण DPR</td><td>ड्रिम हाउस इन्जिनियरिङ्ग सोलुसन्स प्रा. लि.</td><td>५ लाख</td><td>४९५५६२</td><td>४५१८३०८३</td></tr>
<tr><td>रीगाटाटके पार्कको DPR</td><td>फेडरल इन्जिनियरिङ्ग सोलुसन्स प्रा.लि.</td><td>५ लाख</td><td>४९५६१८</td><td>ले.प.मा पेश नभएको</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>अस्पताल निर्माण कार्यको कार्य प्रगति<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० मा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा ई सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरी प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशत पूर्वनिर्धारित क्षतिपुर्ति दिनुपर्ने तर पूर्वनिर्धारित क्षतिपुर्ति तिर्दैमा सम्बन्धित निर्माण व्यवसायी खरिद सम्झौता बमोजिमको कार्य सम्पादन गर्ने दायित्वबाट मुक्त हुन नसक्ने व्यवस्था छ। एकिकृत स्वास्थ्य पुर्वाधार बिकास कार्यक्रम ठेक्का नं ५÷२०७८।७९ ÷१० शैयाको स्वास्थ्य अस्पताल निर्माण कार्यको मु.अ.कर बाहेक रु १६०८०४१७३ को लागत अनुमानमा हिराचन एम पि शौभाग्य जे.भि.सग रु ११७५५५५०४।६४ मा ४ बर्ष भित्र कार्य सम्पन्न गर्नेगरी २०७९ असार २३ मा सम्झौता भएकोमा लेखापरिक्षण अवधि सम्म कार्य प्रगति शुन्य देखियो ।सम्झौता अनुसारको कार्य समयसिमा भित्र कार्य सम्पन्न गराउन पहल गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>३०</td><td></td><td></td><td>सोझै खरिद<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ को उपनियम ४ मा १ लाख रुपैंयाभन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सूचीमा रहेको कम्तीमा ३ वटा आपूर्तिकर्ताबाट दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नुपर्ने र उपनियम १ मा पटक पटक गरी एक आर्थिक वर्षमा एउटै व्यक्ति वा फर्मबाट सोझै खरिद गर्न नमिल्ने व्यवस्था छ । पालिकाले निम्नानुसार निर्माण ब्याबसायी\सप्लायर्सबाट पटक पटक सोझौ खरिद गरेको देखिएकोले नियमित नदेखिएको रु
<table>
<tr><td>गो.भौ. मिति</td><td>कार्य बिबरण</td><td>निर्माण ब्याबसायी\सप्लायर्स</td><td>भुक्तानी रकम</td></tr>
</table>
</td><td>५,३४८,६४०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (see nested table below) | |

| | | | |
|---|---|---|---|
| १४९÷२०७८।१२।२३ | मोटरबाटो मर्मत वडानं ३ | रेमन्त बगेश्वरी कन्स्ट्रक्सन एण्ड सप्लायर्स | २३८३९२ |
| ११८÷२०७८।१२।६ | मोटरबाटो मर्मत | , युनाइटेड निर्माण सेवा | १२०००० |
| १४२÷२०७८।१२।१४ | मोटरबाटो मर्मत | युनाइटेड निर्माण सेवा | ६१५४८ |
| ४÷२०७८।१०।२४ | बेबि वार्मर खरिद | रासी सर्जिकल एण्ड केमिकल सप्लायर्स | ४९८३३० |
| ८९÷२०७८।११।२७ | आन्तरिक नियन्त्रण प्रणाली तयार | के.सी. मल्टीप्रर्पोज कन्सलटेन्सी प्रा.लि. | ४९१२६७ |
| १७५÷२०७९।१।११ | टोड्के सितलादेवि मन्दिर देखि कालापोखरा गुन्टा सडक डि.पि.आर | रासी मेची इन्जिनियरिङ्ग कन्सल्टेन्सी | ४९०००० |
| १८०÷२०७९।१।१३ | बेतेनीखोला लिफ्टीङ खानेपानी आयोजना डि.पि.आर | ड्रीम हाउस सोलुसन प्रा.लि. | ४९६७४८ |
| १८६÷२०७९।१।२३ | तालखेत धुम्का लिफ्टीङ खानेपानी योजना डि.पि.आर | ड्रीम हाउस सोलुसन प्रा.लि | ४९५५६२ |
| १८०÷२०७९।१।१३ | सिमलचौर पिपलबोट पैयाचौर सडक डि.पि.आर | फेडरल इ.सोलुसन प्रा.लि. | ४९६१८३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (continued table below) | |
| ३१ | | | **सामाजिक सुरक्षा कर**<br><br>आयकर ऐन २०५८ अनुसार ज्याला भुक्तानीमा १ प्रतिशत सामाजिक सुरक्षा कर कट्टी गर्नुपर्नेमा पालिकाले निम्नानुसारका योजनाको ज्यामी खर्च भुक्तानीमा सामाजिक सुरक्षा कर कट्टि गरेको नदेखिएकोले कर रकम असुल गरी संघिय संचित कोष दाखिला प्रमाण पेश गर्नुपर्ने रु | २२,२३२ |

| | | | |
|---|---|---|---|
| १८७÷२०७९।१।२३ | रिगाटड्के पार्कको डि.पि.आर | फेडरल इ.सोलुसन प्रा.लि | ४९५६१८ |
| १९२÷२०७९।२।३१ | डकुमेन्ट्री कृतचित्र | मिडिया ग्रुप प्रा.लि. | ४९८००० |
| १९५÷२०७९।३।२ | सफ्टवयर खरिद | एन्फासिस टेक फाउन्डेशन प्रा.ली. | ४९७२०० |
| २३६÷२०७९।३।२४ | लुहाम सोलार लिफ्ट खानपानी योजना | भुमि निर्माण सेवा | ४६९७९२ |
| जम्मा | | | ५३४८६४० |

| योजनाको नाम | ज्याला भुक्तानी | कर रकम |
|---|---|---|
| घरेलीज्युला डुम्रीखोला मोटरबाटो निर्माण वडा नं ६ | १६३८०० | १६३८ |
| गौरे मोटरबाटो स्तरउन्नती वडानं ३ | १००००० | १००० |
| कोलचौर स्कुल जोड्ने सडक वडानं १ | ८५८०० | ८५८ |
| खत्रीगाउ बाहुनटोल लिफ्ट खानेपानी निर्माण वडानं ६ | १५२२०० | १५२२ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>बिभिन्न मोटरबाटो निर्माण वडानं ४</td><td>८३८५०</td><td>८३८</td></tr>
<tr><td>शिवालय मन्दिर परिसर निर्माण तथा मर्मत वडानं ६</td><td>१३२८७०</td><td>१३२९</td></tr>
<tr><td>माथिल्लो थक्लेनी बरवा जोड्ने मोटरबाटो वडानं ३</td><td>९५५५०</td><td>९५५</td></tr>
<tr><td>वडा मोटरबाटो मर्मत वडानं ३</td><td>१३३२५०</td><td>१३३२</td></tr>
<tr><td>वडा मोटरबाटो मर्मत वडानं ५</td><td>९५५५०</td><td>९५५</td></tr>
<tr><td>वडा मोटरबाटो मर्मत वडानं २</td><td>९४०३६</td><td>९४०</td></tr>
<tr><td>वडा मोटरबाटो मर्मत वडानं ६</td><td>५६६३७</td><td>५३६</td></tr>
<tr><td>वडा मोटरबाटो मर्मत वडानं १</td><td>११५०५०</td><td>११५०</td></tr>
<tr><td>गौरेढुङगा कुटीढुङगा सिचाइ कुलो वडानं२</td><td>३७०३५०</td><td>३७०३</td></tr>
<tr><td>तल्लो थक्लेनी सिखानी बेतेनी जोड्ने मोटरबाटो वडानं ६</td><td>१००१००</td><td>१००१</td></tr>
<tr><td>सल्लेखोला खानेपानी योजना वडानं ६</td><td>१७६७५८</td><td>१७६८</td></tr>
<tr><td>डुराखोला डाडा खानेपानी योजना ÷६</td><td>१७३९००</td><td>१७३९</td></tr>
<tr><td>बस्वा गैरिकटेरी कालापोखरा सडक÷३</td><td>९६८५०</td><td>९६८</td></tr>
<tr><td>जम्मा</td><td>२२२६५५१</td><td>२२२३२</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३२ | | | **जनसहभागिता**<br><br>जनसहभागिता — सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम श्रममूलक प्रविधिमा आधारित भएर जनसहभागिता जुुटाउनुपर्ने व्यवस्था छ । विकासमा जनसहभागिता वृद्धि गर्न लाभग्राही सहभागितामा योजना तथा कार्यक्रम सञ्चालन गर्दा लागत सहभागिता समेत जुटाउनु पर्दछ । पूर्वाधार सम्बन्धि उपभोक्ता समितिमार्फत पूर्वाधार निर्माणमा सो अनुरुप जुटाउनु पर्ने सहभागिता न्यून हुँदा अनुदान खर्चमा भार परेको छ । तसर्थ स्थानीय तहमा सञ्चालन हुने निर्माण कार्यमा योजना छनौटदेखि कार्यान्वयन अनुगमन र मूल्याङ्कन चरणसम्म लाभग्राही समुदायलाई अधिकतम रुपले सहभागिता गराउनु पर्दछ। | |
| ३३ | | | **उपभोक्ताको कार्य निर्माण ब्याबसायीबाट** | |
| ३३.१ | २११ | २०७९-३-१७ | सार्बजनिक खरिद नियमावलि २०६४ को नियम ९७ मा उपभोक्ताबाट सन्चालित निर्माण कार्य उपभोक्ता समितिले सम्पन्न गर्नुपर्ने सब कन्ट्राक्टबाट गराउन नपाउने र उपभोक्ता समिति आफैले गर्न नसक्ने भएमा सार्बजनिक निकायले आबश्यक जाँचगरी समितिसँग भएको सम्झौता तोडि बाँकी काम खरिद ऐन र नियमावली बमोजिम गराउनु पर्ने ब्यबस्था छ। अरिङगाले भन्डारीटोल मोटरबाटो नया ट्र्याक खोल्ने र ग्याबियनमा ढुङगा भर्ने कार्य १८ घ.मि.को रु ७५७३४ समेत रु १७१००४ कार्य मुल्यांकन गरी रु १४२२२० उपभोक्ता समितिलाइ भुक्तानी गरेकोमा उपभोक्ता समितिले निरज एन्ड जिप्सन निर्माण सेवाको मोटरबाटो निर्माण कार्य गरेको रु १२१००६ कर बिजक संलग्न तथा उपभोक्ता समितिले मुल्यांकन भएको १८ बक्स ग्याबियनको खरिद बिल संलग्न गरेको नदेखिदा उक्त कार्य उपभोक्ता समिति आफैले नगरी निर्माण ब्याबसायीबाट गराएको पुष्टी हुनेहुदा भुक्तानी रकम नियमित नदेखिएको रु | १४२,२२० |
| ३३.२ | २१२ | २०७९-३-१९ | तल्लो थक्लेनी र बेतनीटोल सडक निर्माण नया ट्र्याक खोल्ने कार्यको रु ४०६८०७ मुल्यांकन गरी उपभोक्ता समितिलाइ रु ३४३२६५ भुक्तानी गरेकोमा उपभोक्ता समितिले रेमन्त बगेश्वरी कन्स्ट्रक्सन एण्ड सप्लायर्सको मोटरबाटो निर्माण कार्य गरेको रु ३४३२१७ को कर बिजक संलग्न गरेको देखिदा उक्त कार्य उपभोक्ता समिति आफैले नगरी निर्माण ब्याबसायीबाट गराएको पुष्टी हुनेहुदा भुक्तानी रकम नियमित नदेखिएको रु | ३४३,२६५ |
| ३४ | | | **उपभोक्ताको कार्यमा अनुपातिक कट्टी** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३४.१ | ४ | २०७९-१-१३ | सार्बजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता मिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राबिधिक मुल्यांकन ,बिल भर्पाइ र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराइ सम्बन्धित सार्बजनिक निकायमा पेश गर्नुपर्ने ब्यबस्था छ । सरस्वती मा.बि.भौतिक पुर्वाधार निर्माण कार्यको रु २२८३३५१।३६कार्य मुल्यांकन गरी उपभोक्ता समितिलाइ रु १९ लाख भुक्तानी गर्दा ग्याबियन बक्स ३*१*१ को २६ थान,२*१*१ को ४२ र १.५*१*१ को ३३थान खरिद तथा ढुङगा भर्ने कार्यको मुल्यांकन भएकोमा ३*१*१ १२ थान ३६ घ.मि. र २*१*१ १७ थान २० घ.मि. को कार्यमा ग्याबियन खरिद बिल संलग्न नगरी भरेको मात्र मुल्यांकन रु १३६६२०।९६ गरेको दखियो । उपभोक्ता समितिले खरिद नगरेको ग्याबियन भरेको मुल्यांकन गरी उपभोक्ता समितिको लागत भन्दा बढि भुक्तानी गर्न नमिल्ने तथा पालिकाबाट समेत ग्याबियन खरिद गरी मागको आधारमा बितरण गरेको देखिदा खरिद नै नभएको ग्याबियनको बढि मुल्यांकन भएको ५६.३ घ.मि.को हुने रु १३६६२०।९६मा उपभोक्ता समितिको अंश कट्टी गरी बढि रकम असुल गर्नुपर्ने रु | १२१,८५५ |
| ३४.२ | १६४ | २०७९-१-८ | धनठाना शंखपिपल खानेपानी पाइप बिस्तार उपभोक्ता समितिलाइ रु २२५५९१ कार्य मुल्यांकन गरी रु १८७७७६ भुक्तानी गरेकोमा कार्य मुल्यांकन अनुसार पाइपलाइन खन्ने र पुर्ने कार्य १४०० मिटर तथा पोलिथिन पाइप खरिद २०,३२,४०र५० एम एम को २०६४ मिटर खरिद मुल्यांकन भएको देखिन्छ ।संलग्न बिल अनुसार उपभोक्ता समितिले डि.सि. सप्लायर्सको बिलबाट १८०० मिटर पाइप खरिद गरेको देखिन्छ।उपभोक्ता समितिले खरिद गरेको परिमाण खरिद र पुर्ने कार्य मुल्यांकन हुनेहुदा खन्ने र पुर्ने कार्यको मुल्यांकन लम्बाइ भन्दा बढि खरिद मुल्यांकन भएको रु १५५३२ तथा नपुरेको पाइपको खन्नेपर्ने कार्यको रु ४८५४ गरी रु २०३८६ को प्रमाण पुष्टी नभएकोले प्रमाण पेश गर्नुपर्ने अन्यथा बढी भुक्तानी अनुपातिक हिसावले असुल गर्नुपर्ने | १६,९६८ |
| ३४.३ | २२९ | २०७९-३-२३ | सार्बजनिक खरिद नियमावली नियमावली २०६४ बमोजिम निर्माण कार्यको सामाग्री र ज्याला सहितको कार्य मुल्यांकन हुनुपर्ने ब्यबस्था छ।.आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व नियमावली २०७७ मा विल भरपाई सहितको लेखा राख्नु पर्ने र भुक्तानी गर्दा चेकजाँच गरेर मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । खानेपानी पाइप खरिद उ. स.वडानं ३ लाइ ३२\१० एम एम ६०० मिटर,२५\१० एम एम ६०० मिटर र२० \१६ एम एम २५०० मिटर गरी ३७०० मिटर(६०२.७० के.जि.) पाइप खरिदको प्रति के. जि. रु २७५ का दरले रु १६५७४२ र १३५० मिटर लम्वाइ खन्नेपुर्ने कार्यको (११८.८० घ.मि.) प्रति घ.मि. रु ५३५।६० का दरले रु ६३२२९ समेत रु २२९३७१ कार्य मुल्यांकन गरी उपभोक्ता समितिलाइ रु १८९५८९ भुक्तानी गरेको देखियो ।खरिद मुल्यांकन | ८८,१२१ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>भएको पाइप भन्दा २३८० मिटर घटी खन्नेपर्ने कार्य मुल्यांकन भएकोमा मौज्दात पाइपको ज्याला सहितको प्राबिधिक मुल्यांकन पेश हुनुपर्ने अन्यथा बिच्छाइएको भन्दा बढि खरिद मुल्यांकन गरेको पाइपको रु १०६६१२ मा उपभोक्ता समितिको अंश कट्टी गरि बढि भुक्तानी असुल गर्नुपर्ने रु</td><td></td></tr>
<tr><td>३४.४</td><td>९</td><td>२०७९-३-१४</td><td>सार्बजनिक खरिद नियमावली नियमावली २०६४ बमोजिम निर्माण कार्यको सामाग्री र ज्याला सहितको कार्य मुल्यांकन हुनुपर्ने ब्यबस्था छ।.आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व नियमावली २०७७ मा विल भरपाई सहितको लेखा राख्नु पर्ने र भुक्तानी गर्दा चेकजाँच गरेर मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । (संघिय शशर्त) खेलकुद पुर्वाधार निर्माण वडानं १र ३ को ग्याबियन २ *१ *१ र १.५* १* १ को ५५\५५ थान र प्रथम लेयरमा थप २ १ १ को ४ थानको ८ घ. मि. मुल्यांकन गरी भुक्तानी गरेकोमा उपभोक्ताले थप ग्याबियन ४ थान खरिद गरेको बिल संलग्न गरेको नदेखिएको तथा पालिकाबाट समेत ग्याबियन खरिद गरी मागको आधारमा बितरण गरेको देखिदा खरिद नै नभएको ग्याबियनको बढि मुल्यांकन भएको ८ घ.मि.को हुने रु ३२२३८मा उपभोक्ता समितिको अंश कट्टी गरी बढि रकम असुल गर्नुपर्ने रु</td><td>२९,१९७</td></tr>
<tr><td>३५</td><td></td><td></td><td>उपभोक्ता समितिबाट कार्य</td><td></td></tr>
<tr><td>३५.१</td><td></td><td></td><td>नन्फाइलरः मूल्य अभिवृद्धि कर ऐन,२०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रु ९३८११५समेत रु ८१३२४९८ भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो।कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु
<table>
<tr><th>गो भौ मिति</th><th>योजनाको नाम</th><th>निर्माण ब्याबसायी\सप्लायर्स</th><th>भुक्तानी रकम</th><th>मु.अ.कर रकम</th><th>नन्फाइलर मिति</th></tr>
